# पंञ्चपुरी नगरपालीका नगर कार्यपालिकाको कार्यालय

(बावियाचौर सुर्खेत_

**आ.व. २०७९/०८० को**





सामाजिक परीक्षण प्रतिवेदन




पंञ्चपुरी नगरपालिक नगर कार्यपालीकाको कार्यालय

बावियाचौर सुर्खेत

२०८०

## विषय सूची


१. सामाजिक परीक्षणको पृष्ठभूमि

२. सामाजिक परीक्षणको उद्देश्य

३. सामाजिक परीक्षण अध्ययन विधि

क) सन्दर्भ सामग्री समीक्षा र अध्ययन

ख) अन्तरवार्ता र समूह छलफल

ग) प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

४. अध्ययनका सीमा

५. बृहत् छलफल कार्यक्रमको विवरण

घ) लिङ्ग र जातिगत विश्लेषण सहितको उपस्थिति

६. स्थानीय तह र विषयगत कार्यालय/गैह्र सरकारी संस्थाहरुको विवरण

७. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु

८. सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमिकमजोरीहरु

क) स्थानीय तह

ख) विषयगत शाखा

ग) गैह्रसरकारी सस्था

९. सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु

क) स्थानीय तह

ख) विषयगत शाखा

ग) गैह्रसरकारी सस्था

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
पंञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको
कार्यालय, बावियाचौर सुर्खेत

पञ्चपुरी नगरपालीका र सक्रिय परामर्श सेवा विच नगरपालिकाको आ.ब.२०७९/०८० को सामाजिक परीक्षण गर्नको लागि नगर कार्यपालिकाबाट स्वीकृत भएको र सोहि अनुसार सम्झौता भए वमोजिम कार्यसम्पन्न गरेर प्रस्तावमा उल्लेख भए बमोजिमको प्रक्रिया पुरा गरी सामाजिक परीक्षण प्रतिवेदन पेश गरेका छौं ।

## १. सामाजिक परीक्षणको पृष्ठभूमि

स्थानिय तहले एक आर्थिक बर्षमा कति सामाजिक उत्तरदायीत्व वहन गर्नसके, के कस्ता समस्याहरुको सामना गरे, सस्थाको सामाजिक उत्तरदायित्व वहन गर्न सक्ने क्षमता कस्तो छ र स्थानिय बासिले स्थानिय तहबाट के कस्तो सुधारको आशा गरेका छन् भन्ने कुरालाई पहिलो प्राथमिकतामा राखेर यो कार्य गरिएको छ । सामाजिक परीक्षण भन्नाले स्थानिय तहले संचालन गरेका कार्यहरुले समाजमा पारेको सकरात्मक र सुझावका क्षेत्रहरुलाई सुधारात्मक रुपमा पेश गरेको विवरण हो । सामाजिक परीक्षणको परिभाषा समान खालको नभए पनि कार्यक्षेत्र र कार्यविधि भने समान खालको छ । यसको परिभाषामा समानता छैन अनुसन्धानको परीबेश अनुसार यसको अर्थ लगाइन्छ ता पनि सामान्य परिभाषा अनुसार सामाजिक परीक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरू छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन साथ साथै आर्थिक संरचनामा जोडगर्ने काम गरिन्छ ।

स्थानिय सरकार संचालनका सम्बन्धमा ब्यबस्था गर्न बनेको ऐन २०७४ को दफा ७८ उपदफा (५) बमोजिम तथा स्थानीय तह (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१(१) ले गरेको व्यवस्था अनुसार वर्षमा एक पटक गर्ने प्रावधान भएकोले स्थानीय तहहरू (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउपालिकाहरू)ले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र वा कार्तिक मसान्त भित्र सामाजिक परीक्षण गरी सक्नुपर्छ तर विशेषकारणबस जुन सुकै समयमा पनि यो कार्य गर्न सकिने ब्यबस्था कार्यविधिमा रहन गएको छ । यसका लागि स्थानीय तहले सो तहसँग प्रत्यक्ष सम्बन्ध नभएको विज्ञलाई वा परामर्श सेवा कम्पनिलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिनु पर्छ । आवस्यकता महसुश भएको खण्डमा स्थानिय तहले सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय एक समन्वय समिति गठन गर्नेछ । यो समितिको गठन बाध्यात्मक भने हुनेछैन आवस्यकता भएको खण्डमा मात्र गठन गरिन्छ ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । छलफलमा उठेका

सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ । यसलाई स्थानीय तहको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा पेश गर्नु पर्ने प्रावधान रहेको छ । यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणबाट प्रभाव सम्मको अवस्थाको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय तहलाई ठूलो टेवा पुग्नेछ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउनेछन् । सामाजिक परीक्षण कार्यविधि २०६७ वमोजिमको अधिनमा रही पञ्चपुरी नगरपालीका सुर्खेतको आ.व.२०७९/०८० को सामाजिक परीक्षण गरिएको छ ।

## २.सामाजिक परीक्षणको उद्देश्य

स्थानिय सरकार संचालनका सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन २०७४ को दफा ७८ उपदफा (५) बमोजिम तथा स्थानीय तह (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरूप नगरपालीकाले एक आर्थिक वर्षमा नगरपालीकाकै समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै नगरपालीकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्रविन्दुमा रहेका छन् ।

## ३. सामाजिक परीक्षण अध्ययन विधि

सामाजिक अनुसन्धानले स्थानिय तहको सामाजिक गतिविधिको वारेमा पहिचानिक विश्लेषण गर्दछ । विधिविनाको अनुसन्धानको सम्भावना हुँदैन । स्थानीय तह सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत शाखाहरूको समेत)सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना नागरिक बडापत्र वार्षिक प्रतिवेदनहरू, गरिवी पाश्र्वचीत्र सार्बजनीक परीक्षण प्रतिवेदन परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरिएको छ ।

### क) सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- स्थानीय तह सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- नमुना कानुनहरु
- स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- आवधिक तथा वार्षिक योजना (विषयगत शाखाहरूको समेत)
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नगरपालिकामा राखिएको नागरिक बडापत्र
- वार्षिक प्रतिवेदनहरू

- गरिवी पार्श्वचीत्र
- गत बर्षको सार्बजनीक परीक्षण प्रतिवेदन
- विगत बर्षहरुको सामाजिक परीक्षण प्रतिवेदन
- विगत वर्षहरुको सार्वजनिक सुनुवाई प्रतिवेदन
- सामाजिक सरोकारसंग सम्बन्धित पार्श्वचित्रहरु

**ख) अन्तरवार्ता र समूह छलफल**

नगरपालीकाका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत शाखा प्रमुखसँग अर्धसंरचित  अन्तरवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गरियो । प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको थियो ।

**ग) प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल**

निम्नानुसारका शीर्षकमा केन्द्रीकृत रही प्रारम्भिक प्रतिवेदन माथि छलफल गरिएको थियो

- सामाजिक परीक्षणका निष्कर्षहरू
- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता (समय सीमा सहित)
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- सुझावहरू संकलन

**४. अध्ययनका सिमा**

नगरपालीका स्थित सम्पूर्ण गैह्रसरकारी संस्थाहरुलाई अध्ययनको क्षेत्रभित्र समेट्न सकिएन । नगरपालिकामा के कति गैसस कार्यरत छन् भन्ने कुरा नै जानकारीमा छैन ।

**५. बृहत् छलफल कार्यक्रमको विवरण**

क) मिति : २०८०/०९/०७ गते

ख) स्थान : नगरपालीका सभाहल

ग) समय : दिउसो ११.०० बजे देखि ३ : ३० बजेसम्म

**घ) लिङ्ग र जातिगत विश्लेषण सहितको उपस्थिति**

सामाजिक परीक्षण कार्यक्रममा पुरुष महिला ब्राम्हण दलित जनजाति आदि सबै जातजातिहरुको उपस्थिति थियो जुन कुरा **अनुसूची**मा राखिएको उपस्थितिबाट थाहापाउन सकिन्छ ।

**६. स्थानीय तह र विषयगत कार्यालय/गैह्र सरकारी संस्थाहरुको विवरण**

कार्यबिधिको **अनुसूची २** र **३** बमोजिमको विवरण संलग्न गरिएको छ ।

**७. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु**

- नगरपालिकाको अधिकार र जिम्मेवारी भित्र रही ऐन नियमावली, कार्यविधि तथा निर्देशिका निर्माण गरिएको छ ।

- आमा सुरक्षा कार्यक्रम सञ्चालन गरिएको ।
- सामाजिक परिचालनद्धारा समुह गठन, परिचालन र कार्यन्वयन ।
- नगरको उद्योग तथा कृषिको गुणस्तर तथा उत्पादकत्वमा वृद्धिको लागि प्रयास भएको ।
- ग्रामिण क्षेत्रमा सडक विस्तार तथा मर्मत गरिएको छ ।
- विद्यालयको भौतिक पूर्वाधार विस्तार भएको छ ।
- महिला तथा पिछडावर्गको योजना कार्यन्वयनमा सहभागिता बढेको छ ।
- संस्थागत क्षमता तथा सेवा प्रवाहमा सुधार आएको छ ।
- अधुरा योजनाहरुलाई पूरागर्ने निति लिएको छ ।
- सम्पूरक कोषको व्यवस्था र कार्यान्वयन गरिएको छ ।
- अनुगमन कार्यलाई भरपर्दो र प्रभावकारी वनाउने प्रयास गरिएको छ ।
- हिंसापिडित महिलाका लागि १६ दिने लैंगिक विकास कार्यक्रम संचालन गरीएको छ ।
- योजना संचालन र छनोटको नीतिलाई अबलम्बन गरिएको छ लगाएतका उपलब्धीहरु भएकाछन् ।
- योजनाहरु बनाउदा लक्ष्य, उद्धेश्य,र नीतिमा आधारित मापनीय प्रभाबकारी र दिर्घ प्रतिफल दिने योजना बनाउने तर्फ पहल भएको छ ।
- संस्थागत क्षमता तथा सेवा प्रवाहमा सुधार आएको छ ।
- सामाजिक सुरक्षा व्यबस्थामा सकरात्मक परिवर्तनको रुप देखा परेको छ ।
- सुशासन, पारदर्शिता र उत्तरदायित्वका लागि कार्यहरु भएका छन् ।

**८. सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमिकमजोरीहरु** सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमिकमजोरीहरु निम्नबमोजिम छन् ।

**क) स्थानीय तह**

१.सघीय संरचना कमबजेट र नगरबासीका उच्च महत्वकांक्षा रहेका छन् जुन स्वभाविक पनि छ त्यसलाई सम्वोधन गर्नु पर्नेछ ।

२.नगरको पूर्वाधार तर्फ अव्यवस्थीत वसोवास, खानेपानीको प्रवन्ध,संचार विधुत ऐलानी पर्ति जग्गा र खोला छेउ अतिक्रमणलाई व्यवस्थीत गर्नुपर्नेछ ।

३.स्थानीय स्रोत साधनको पहिचान परिचालन र व्यवस्थापन नयां परिवेश अनुकुलको व्यवस्था गर्नु आजको अर्को चुनौति रहेको छ ।

४. नीतिगत रुपमा O and M र शाखाहरु व्यबस्थापन हुन नसकेको अबस्था छ ।

५. लक्ष्य अनुसार आन्तरिक श्रोत संकलन हुन सकेको छैन ।

६. नगरपालिकाको तथ्याङ्कहरु अध्यावधिक गरिएको छैन ।

७. नगरपालिकामा कार्यरत गैससको कार्यक्रम तथा बजेट वार्षिक कार्यक्रममा समावेश छैन ।

८. नगर वस्तुगत विवरण नभएकाले विगत १२ वर्षका तथ्याङ्कहरु प्रयोग भएको छ ।

९. नीति,कार्यक्रम र बजेटको तालमेल मिलाउन नसिकएको ।

**ख) विषयगत शाखा**

कृषितर्फ

- सरकारी जग्गा अतीक्रमण भएको ।

- कृषि पेशालाई व्यवसायिकिकरण गर्न अनुदानको व्यवस्था कमजोर अबस्थामा रहेको ।
- संघीय संरचना र जनइच्छा अनुसार काम गर्न नसकिएको ।

**शिक्षा तर्फ**

- सबै विद्यालयमा शौचालयको राम्रो प्रबन्ध नहुनु ।
- शैक्षिक गुणस्तर कमजोर अबस्थामा रहन गएको ।
- पूर्व प्राथमिक विद्यालयलाई सबै स्थानमा नियमित गर्न नसकिएको ।

**बालकल्याण तर्फ**

- बालकल्याण कार्यक्रम सञ्चालनको  लागि बजेट अपुग ।
- वालक्लव गठन गर्दा सबै बालबालिकाको सहभागिता नभएको ।
- बाल श्रमिकहरुको तथ्याङ्कको अभाव ।
- महिला विकास कार्यालय र बाल कल्याण समिति बीचको कार्य क्षेत्र स्पष्ट नहुनु ।
- नया संरचना र जनइच्छा अनुसार काम गर्न नसकिएको ।

**खानेपानी तर्फ**

- खानेपानी आयोजना कार्यान्वनको लागि लागत सहभागिता जुटाउन कठिनाई हुने ।
- आयोजनाको लागत इष्टिमेटको तुलनामा बजेट कम आउने गरेको हुनाले आयोजना सम्पन्न गर्न धेरै वर्ष लाग्ने गरेको ।
- नगरका १ र ७ वडाहरुमा खानेपानीको कमजोर अबस्था भएको ।
- अस्थायि सुकुम्बासि तथा बाडिपिडित बस्तिमा पानीको जडानकार्य नभएको ।
- सार्बजनिक खाने पानीको ब्यबस्था नभएको ।

**पशुसेवा तर्फ**

- निति तथा कार्यक्रमहरु कार्यान्यन गर्न कठिनाइ भएको ।
- छाडा पसुहरु नियन्त्रण नभएको ।
- बजेट घटदो क्रममा रहन गएको ।
- संघीय संरचना र जनइच्छा अनुसार काम गर्न नसकिएको ।

**जनस्वास्थ्य तर्फ**

- जनसङ्ख्याको तुलनामा स्वास्थ्य  जनशक्तिको कमि ।
- कार्यक्रमको विस्तार सगै पूर्वाधार बन्न नसकेको ।
- ल्याण्डफिल साइडको आबस्यकता महसुस र ब्यबस्थापन नभएको ।
- बजेट तुलनात्मक रुपमा घटन गएको छ ।
- संघीय संरचना अनुसार जनताका अपेक्षा अनुसार काम गर्न नसकिएको ।

**यातायत**

- नगरभित्रका महत्वर्पुण सडकहरुको पनि गुरुयोजना नभएको ।
- सडक वरपर रुख विरुवाहरु ब्यबस्थित रुपमा लगाइएका छैनन् ।

- नगरको मुख्य बजारमा पनि सडक ब्यबस्थित नभएको ।

**आर्थीक तर्फ**

- नगरपालिकाको आर्थिक अबस्था सोचे अनुरुप बलियो नभएको ।
- बेरुजुको प्रतिसत सबै घटन नसकेको ।
- नगरपालिकाले पिपिपि योजनाहरु बढाउन नसकेको ।
- लक्ष्यअनुसार आन्तरिक राजश्व संकलन हुन नसकेको ।

**ग) गैह्रसरकारी सस्था**

- सरकारी तथा गैह्र सरकारी तहको निकट समन्वय र सम्बन्ध ।
- जुन कार्यक्रम सञ्चालन गर्दा पनि भत्ताको माग ।
- दातृसंस्थाको कार्य योजना अनुसार कार्य गर्नु परेको ।
- लागु पदार्थ सेवन लगाएतका क्षेत्रमा लागेका व्यक्तिहरुलाई समाजमा ल्याएर पुर्नःस्थापना गर्ने कार्य निकै कठिन
- औपचारीक रुपमा गैससका कार्यक्रमहरुको समिक्षा भएको देखिदैन ।

**९. सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु**

**क) स्थानीय तह वा तह**

१.नगरपालिकाको नीति अनुसार कार्यक्रम तथा आयोजना भए नभएको विषमा नगरसभा पूर्व व्यापक छलफल गर्ने र नीति तथा कार्यक्रमको विचमा सहसम्बन्ध कायम गर्ने तर्फ प्रयास गर्ने ।

२.भौतिक पूर्वाधार भन्दा रोजगार मूलक र गरिबी निवारण लक्षित योजनाहरु समावेश हुनु पर्ने ।

३.नगरको वार्षिक योजना तथा नीतिहरु तयार गर्दा संघिय संविधान प्रदेश कानुन र आवाधिक तथा विषयगत योजनाले निर्देशित गरेका उद्देश्यहरुलाई ध्यान पुऱ्यउनु पर्ने ।

४.नगरपालिका समग्र नगरबासीको पहिचान भएकाले यसले दिर्घकालीन सामाजिक सदभाव बढाउने कार्यक्रमको थालनी गर्नुपर्ने ।

५.नगरपालिकाको आन्तरिक स्रोत बढाउन तर्फ पहल गर्नु पर्ने ।

६.अल्पकालिन योजनालाई भन्दा दीर्घकालीन र आय एवम् दिर्घ ठोस आयोजनाहरूलाई प्राथमिकता दिने ।

७.राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स. समन्वय र सहकार्य गरी थप श्रोत परिचालनको पहल गर्ने ।

८.कार्यक्रममा दोहोरोपन हुनबाट नीतिगत रुपमा समयमा रोक्ने ।

९.कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कनको आधारमा उत्कृष्ट र दीर्घसेवी कर्मचारीलाई पुरस्कृत र सम्मान गर्ने परम्परा कायम राख्ने ।

१०.नगरका सबै योजना संचालनमा जनसहभागिता बढाउने

११.समय समयमा प्रदेश तथा संघबाट कार्यक्रम अनुसार अनुगमन तथा सहयोगात्मक सुधारका लागि पहल गरिनु पर्ने ।

१२.प्रत्येक संस्थामा online reporting सम्बन्धि तालिम तथा उपकरण व्यवस्था गरिनु पर्ने र इन्टरनेट सेवा भरपर्दो गराइनु पर्ने ।

१३.सकभर सूचनाहरु अध्यावधिक गरेर प्रयोग गर्ने ।

१४.आन्तरिक मूल्याङ्कन गर्नको लागि एउटा अलग फायल राख्ने ।

**ख) विषयगत शाखा**

कृषितर्फ

- रासायनिक मलको अभाव घटाउन अर्गानिक खेतीको प्रर्वद्धन गनुपर्ने ।
- सकेसम्म कृषकहरुलाई सेवादीन कोल्ड स्टोरको ब्यबस्था गर्नु पर्ने ।
- कृषिहाट बजार ब्यबस्थिा गर्नु पर्ने ।
- नगरकृषि पकेट क्षेत्र तोकेर ब्यबसायिक कृषिमा जोडदिनु पर्ने ।
- सबै कृषियोग्य जमिनलाई उपभोगमा ल्याउनु पर्ने ।

**शिक्षा तर्फ**

- नगरशिक्षाको विकासमा जोडदिने खालको नगरशिक्षा नीति तथा कार्यक्रम बनाउनु पर्ने ।
- नगर शैक्षिक सुधार गुरुयोजना बनाएर सामुदायिक र सस्थागत विद्यालयको अन्तर र विभेद हटाउने तर्फ पहल गर्नु पर्ने ।
- अनुगमनलाई प्रभाबकारी बनाएर गुणात्मक शिक्षा तथा सुधार गर्नुपर्ने पक्षको आधारमा सचेतिकरण र सम्मानका कार्यक्रम संचालन गर्नु पर्ने ।
- समयको माग अनुसारका दिर्घकालिन शैक्षिक योजना निर्माण गर्नु पर्ने ।

**बालकल्याण तर्फ**

- बालकल्याण कार्यक्रम सञ्चालनको  लागि बजेट बढाउनु पर्ने ।
- बालकल्याण गृहको भौतिक विस्तार गर्नू पर्ने ।
- बालबालीकालाई खेलमैदान र थपखेलसामाग्री उपलब्ध गराउनु पर्ने ।
- बाल श्रमिकहरुको तथ्याङ्कको संकलन यथासक्य गरी बाल श्रमिक लक्षित कार्यक्रम गर्नुपर्ने ।

**खानेपानी तर्फ**

- नगरका व्यस्तबजारहरमा सार्वजनिक शौचालयको व्यबस्था गर्नु पर्ने ।
- नगरवासिलाई स्वच्छ खानेपानी उपलद्य गराउनु पर्ने ।
- खाने पानीका पुराना  र कमजोर अबस्थामा रहेका पाता तथा पाइपहरु मरमत गर्नु पर्ने ।

**यातायात तर्फ**

- नगर भीत्रका महत्वपुण सडकहरु तत्काल नालकाटेर मरमत गर्नुपर्ने ।
- नीतिअनुसार सडक वरपर बिरुवा लगाउनु पर्ने ।
- सडक काटेपछि तत्काल सरोकारवालाले तीरेको पैसाले सडक मर्मत गर्नु पर्ने ।

**पशुसेवा तर्फ**

- नमुनाको रुपमा पशुपालन क्षेत्रको विकास गर्नुपर्ने ।

- छाडा पसु नियन्त्रण गर्न कान्जी हाउसको राम्रो ब्यबस्था गर्नु पर्ने ।
- कान्जी हाउसमा पशुहरुलाई खाना र औषधिको व्यबस्था गर्नु पर्ने ।
- बजेट बढाउने अभियान संचालन गर्नु पर्ने ।

**जनस्वास्थ्य तर्फ**

- कार्यक्रम र कार्यालयहरुको विस्तारसगै पूर्वाधारको विकास समेत गर्नुपर्ने ।
- आमा सुरक्षा कार्यक्रमलाई स्थानीय तहहरूबाट  सहयोग प्रदान गर्नुपर्ने ।
- नगर स्वास्थ्य केन्द्रलाई थपब्यबस्थित गर्नु पर्ने ।
- परम्पराले सम्बोधन गरेका कार्यक्रम र बजेटको ब्यबस्था गर्नु पर्ने ।

**आर्थीक तर्फ**

- राजश्व सम्भाब्यताको अध्ययन गरेर अर्थसंकलनका बिभीन्न बाटाहरु खोज्नुपर्ने ।
- नगरपालीका र नगरबिकासको बिचमा समन्वय हुनुपर्ने ।
- गरीबी हटाउ कार्यक्रम संचालन गर्नु पर्ने ।
- आन्तरिक पर्यटक आउनसक्ने कार्यक्रम संचालन गर्नु पर्ने ।
- महीला,दलीत,पिछडावर्ग लगाएत विपन्नवर्गलाई स्वरोजगार कार्यक्रम तथा छात्रावृतिको ब्यबस्था गर्नुपर्ने ।

**ग) गैह्रसरकारी संस्था**

- नगरका विभिन्न सरकारी एवं गै सरकारी संस्था वीच उचित समन्वय हुनुपर्ने ।
- कार्यक्रम दोहोरोपना हटाउन र नगरको सामानुपातिक सामाजिक विकास गर्न नगर स्थित सरकारी तथा गैह्रसरकारीसंस्थाहरुले विभिन्न विषयमा नगर स्तरमा वहस एवं छलफल गर्नुपर्ने ।
- नगर स्तिथ गै.स.सहरुले आफ्नो कार्यक्षेत्रमा वातावरणलाई समेत प्राथमिकता दिनुपर्ने ।
- गैससका कार्यक्रमहरु नगरपालिकाको बार्षिक योजना पुस्तिकामा राखेर बार्षिक समिक्षा समेत गर्नु पर्ने ।

**१०. पञ्चपुरी नगरपालिकालाई माथी उल्लेखित नीतिको कार्यान्वयनको अवस्थामा उल्लेख भए अनुसारको सुझाव मध्य निम्नानुसार क्षेत्रमा विशेष नीति लिन तथा सोही अनुसार योजना तय गर्न सुझाव दिन चाहान्छौं ।**

१. नगरको विकासमा चारखम्बाको नीति तर्जुमा गर्ने जसको लागि साथिविकासको बारेमा आगामि नगरसभामा छलफल गर्नु पर्ने ।

२. नगरको महत्वमा रहेको सरसफाइ तथा रोडको योजना र अबधारणलाई नीतिगत रुपमा अगाडि बढाउनु पर्ने ।

३. नगरपालिकाको क्षेत्र विस्तारसंगै सेवालाई प्रभाबकारी बनाउन भौगोलिक आधारमा सेवासुविधा उपलब्ध गराउन थप कदम चाल्नु पर्ने ।

४. सामाजिक सदभाब र समन्वयको आधारमा छनोट गरिएका योजनाहरु नियम र योजना संचालनको मापदण्ड अनुसार सदभाब कायम गरेर सक्दा थप प्रभाबकारी हुने देखिन्छ ।

५. गैससका योजनाहरुको छनोट,प्राथमिकता र बार्षिक कार्यक्रम योजना पुस्तिकामा समाबेश गर्ने र बार्षिक समिक्षा समेत गर्नु पर्ने ।

६. कर्मचारी र जनप्रतिनिधिको विचमा साथिसम्बन्ध कायम गरेर विकास निर्माण कार्य गर्ने ।

७. नगरको राजश्व सम्भाब्यता अध्ययन गरेर थप आन्तरिक श्रोतको खोजि गर्नु पर्ने ।

८. नगरको आन्तरिक तथा बाहिय सरसफाइमा विसेश ध्यान दिनु पर्ने ।

९. नगरपालिकाको आन्तरिक मुल्याङ्कनमा सकेसम्म बढी अंक आउनेगरी नीतिगत सबै कामहरु गर्ने ।

१०. नगरमा काम गर्ने सबै कर्मचारी,जनप्रतिनिधि,नगरबासी र राजनीतिक दल एक भएर अगाडि बढने नीति अबलम्बन गर्ने ।

११. स्वमुल्याङ्कनका १० क्षेत्रहरुलाई आधार मानेर नगरका कार्यक्रमहरु संचालन गर्ने ।

१. सामाजिक परीक्षकको नाम : डा.मनहरि ढकाल

दस्तखत :

२. सामाजिक परीक्षकको नाम : अमृत ढकाल

दस्तखत :

३. सक्रिय परामर्श सेवा प्रा.लि., सुर्खेत

# पञ्चपुरी नगरपालीकाको आर्थिक वर्ष २०७९/०८० को

**सामाजिक परीक्षण प्रतिवेदन**

(बृहत सभामा छलफलका लागि प्रस्तुत गरिएको)

## १. नगरपालिकाको संक्षिप्त परिचयः

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित आयोगको प्रतिवेदन तथा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट विभिन्न मितिमा गठन भएका समितिको सिफारिस समेतको आधारमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३/११/२२ को निर्णयानुसार नेपाल सरकारले २०७३ साल फागुन २७ गतेको राजपत्रमा प्रकाशित गरेको सुचना बमोजिम साविक सालकोट, बाबियाचौर, छाप्रे, विद्यापुर र तातापानी गा.वि.स. समाहित गरी स्थानीय तहको रुपमा कार्यान्वयनमा आएको यो नगरपालिका कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर देखि १६ कोष पश्चिममा अवस्थित छ । यो नगरपालिका क्षेत्रफलको हिसाबले सुर्खेत जिल्लाका स्थानीय तह मध्ये तेश्रो ठूलो र ५ वटा नगरपालिका मध्ये सबै भन्दा ठूलो नगरपालिका हो ।

## २. नगरपालिकको नामाकरण

यस नगरपालिकाको नामाकरण धार्मिक र ऐतिहासिक स्थानको रुपमा परिचित साविकको छाप्रे गा.वि.स. वडा नं. १ हाल पञ्चपुरी नगरपालिका वडा नं. ७ मा रहेको पञ्चपुरी माईको मन्दिरको नामबाट राखिएको छ । स्थानीय जनश्रुति अनुसार यो क्षेत्रमा प्राचिन समयमा पञ्च भलाद्मीहरुले महत्वपूर्ण निर्णय गर्दा सबै जना यस ठाउँमा भेला भै निर्णय गर्ने तथा यस क्षेत्रको विकासका लागि योजना बनाउँदा सबै पञ्चहरु भेला हुने ठाउँ भएकाले पनि यसको नाम पञ्चपुरी रहन गएको हो भन्ने किम्वदन्ती रहेको छ ।

## ३. भौगोलिक अवस्थिती:

**अवस्थिती:**

अक्षांसः२८°३९, ४६ उत्तरी अक्षांस देखि२८°५४,५० उत्तरी अक्षांस सम्म

देशान्तरः ८१°१५ २७ पूर्वी देशान्तर देखि ८१°३१'२९पूर्वी देशान्तर सम्म

**सिमानाः**

**पूर्वः** बराहताल गाउँपालिका

**पश्चिमः** चौकुने गाउँपालिका

**उत्तरः** तुर्माखाँद गाउँपालिका (अछाम)

**दक्षिणः** बर्दिया राष्ट्रिय निकुन्ज र मोहन्याल गाउँपालिका (कैलाली)

**क्षेत्रफलः** ३२९.९० वर्ग कि.मी.

**उचाईः** समुन्द्र सतहबाट १९८ मीटर देखि २१०० मीटरसम्म ।

**हावापानीः**उपोष्ण र न्यानो समषितोष्ण

औषत बर्षाः १०० मिली लिटर    तापक्रमः न्यूनतम ५.९°Cदेखि ३७.५°Cसम्म ।

अधिकतम पूर्व-पश्चिम लम्बाईः १९.३ कि.मी.    अधिकतम उत्तर-दक्षिण लम्बाईः २७.८ कि.मी.

## ४.प्रशासनिक विभाजनः

**प्रदेशः** कर्णाली

**जिल्लाः** सुर्खेत

**निर्वाचन क्षेत्र नं.** २

**वडा संख्याः** ११

**कूल जनसंख्याः-** ३२२३१/३५८३९ जना (२०६८ र २०७८ को राष्ट्रिय जनगणना अनुसार)

पुरुषः १५४२२/१७२३० जना महिलाः १६८०९/१८६०९ जना घरधुरी संख्या : ६३०४/७८०३ **कूल जनघनत्वः** ९७.७/१०८.६३

**पञ्चपुरी नगरपालिकाको वडागत जनसङ्ख्या विवरण** (२०७८ को राष्ट्रिय जनगणना अनुसार)

| वडा.नं. | घरपरिवार | लैङ्गिक अनुपात | औषत परिवार | क्षेत्रफल | जनसंख्या को विवरण | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | पुरुष | महिला |
| १ | ४६० | ९२.५९ | ४.८३ | २८.१७ | २२२१ | १०७९ | ११४२ |
| २ | ७७३ | ९४.४८ | ४.०८ | १३.१६ | ३१५६ | १४६२ | १६९४ |
| ३ | ८३८ | ८६.३० | ४.४८ | ८.७७ | ३७५४ | १७७५ | १९७९ |
| ४ | ५९९ | ८९.६९ | ४.८४ | १५.३३ | २९०२ | १३९६ | १५०६ |
| ५ | ७९४ | ९२.७० | ४.५८ | १८.७४ | ३६३५ | १७९६ | १८३९ |
| ६ | ८३९ | ९७.६६ | ४.९४ | १२.८५ | ४१४८ | २०१३ | २१३५ |
| ७ | ६६५ | ९४.२९ | ४.७७ | ६१.१४ | ३१७० | १५६३ | १६०७ |
| ८ | ८३५ | ९७.२६ | ४.३४ | २७.५७ | ३६२५ | १७२६ | १८९९ |
| ९ | ७७६ | ९०.८९ | ४.४५ | २२.०३ | ३४५६ | १६५८ | १७९८ |
| १० | ६५८ | ९२.२१ | ४.७१ | ७०.४६ | ३०९८ | १४१२ | १५८६ |
| ११ | ५६६ | ९५.३३ | ४.७२ | ५१.६८ | २६७४ | १२५० | १४२४ |
| जम्मा | ७८०३ | | ४.५९ | ३२९.९ | ३५८३९ | १७२३० | १८६०९ |

## ५. मुख्य जातीय समुदायः-

क्षेत्री, ब्राह्मण, मगर, कामी, नेवार, गुरुङ, दमाइ/ढोली, ठकुरी, सार्की, सन्यासी/दशनामी, बादी, राजी, कुमाल, माझी, अन्य ।

## ६. मुख्य नदी , खोला तथा ताल तलैयाः-

**मुख्य नदीः**- भेरी, कर्णाली

**खोला नालाः**-चौर खोला, तेलपहरा विजु खोला, मैनघाट खोला, गुठु खोला (गुठु रविद्यापुरको सिमाना), घट्टे खोला, डुम्री खोला,माझ खोला आदि ।

**तालः**-जाजुरा दह ,मुलिदह दह , गुप्ती ताल,श्रीताल, बण्ड (ताल)

**७. ऐतिहासिक तथा धार्मिक पर्यटकिय स्थलः-** जाजुरा दह, मुलिदह दह,गुप्ती ताल,भेरी कर्णालीदोभान, पञ्चपुरी कागेश्वरीमाइको मन्दिर, मालिकामाइको मन्दिर,चमेरे गुफा, पाचँतले कुण्डलीनी गुफा,गइगाउ झरना, शिवशक्तिधाम, शिवधाम, सर्वोश्वरधाम, मदन आश्रित पार्क, त्रिवेणी पार्क,चतुरे पार्क,शहिद पार्क आदि ।

**८. धर्म रितीरिवाजः-** हिन्दु , बौद्ध, क्रिसीयन,अन्य ।

**मुख्य बालीः-** धान, गहु, मकै, जहु , तोरी , केराउ, तिल, दलहन र तेलहन ।

**९. शैक्षिक अवस्थाः-**

| विवरण | सरकारी | सामुदायिक | निजि | कुल |
|---|---|---|---|---|
| प्रा.वि | ३६ | | २ | ३८ |
| नि.मा.वि | ११ | | ४ | १५ |
| मा.वि | ६ | | १ | ७ |
| क्याम्पस | १ | | | १ |
| अन्य | प्राविधिक शिक्षालय | १ | | १ |
| | जम्मा | १ | ७ | ६२ |

**१०. बैक तथा वित्तीय संस्थाः**-राष्ट्रिय वाणिज्य बैक, कुमारी बैक, एन.सी.सी. बैक, लघुवित्त ।

**११. एफ.एम. रेडियो**ः- डाडादरा एफ.एम. ।

**१२. नगर क्षेत्र भित्र रहेका मुख्य बजार**ः-बावियाचौर बजार, सालकोट बजार, विद्यापुर बजार आदि ।

**१३. मुख्य वनस्पतिः**-चिउरी , सिमल, साल, सल्लो, अमला, बाभ्ह, कटुस ,काफल, समयो, काउलो, तिजु ,तेजपत्ता, टिमुर, बास, निगालो, अम्रिसो, हर्रो, बर्रो

**स्थानीय चाडपर्वः**-दशै, तिहार, माघी, तिज, होलि,चतै दशै, क्रिशमस डे,आदि ।

## २.१ नगरपालिकाको विद्यमान अवस्थाः

### (क) सवल पक्ष

कर्णाली प्रदेशको राजधानी जोड्ने बड्डीचौर बेनिघाट दिपायल सडक (मदनभण्डारी मार्ग) र चिसापानी (कैलाली तातापानी बाबियाचौर अछाम सडक पञ्चपुरी नगरपालिकाको क्षेत्र भएर गएका छन् । यस नगरपालिकामा कृषि र शौक्षिक क्षेत्रको विकासको संम्भावना धेरै छ । यस नगरपालिका क्षेत्रभित्र जाजुरादह, चमेरे गुफा, गुप्ती ताल, भेरी कर्णाली दोभान, पञ्चपुरीमाईको मन्दिर लगाएत थुप्रै पर्यटकिय र ऐतिहासिक स्थलहरु रहेकोले पर्यटकिय नगरको रुपमा विकास गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।  हावापानी, हरियाली र सबै किसिमको भुभाग उपलब्ध हुनु समेत यस नगरका सवल पक्ष हुन ।

### (ख) कमजोर पक्ष

- नगरको एकिकृत विकास योजना नहुनु ।

- नगर क्षेत्रभित्र केन्द्रीय विद्युत लाईन विस्तार नभएको ।
- सबै भेगमा स्वच्छ पिउने पानीको श्रोतको अभाव हुनु ।
- सबै वडामा सहज यातायातको पहुँच नहुनु ।
- अव्यवस्थित बसोबास र गरिवी ।
- स्वास्थ्य उपचारको लागि बाहिर जानुपर्ने ।
- बडढीचौर बेनिघाट दिपायल सडक व्यवस्थित तथा कालोपत्रे नहुनु ।

(ग) चुनौती :

- नगरपालिकाको अधिकार क्षेत्र र जिम्मेवारीको आधारमा सिमित जनशक्तिबाट सेवा प्रवाह, विकास निर्माणका कार्यहरु सम्पादन गर्नुपर्ने ।
- अधिकार र जिम्मेवारी क्षेत्रभित्रका विषयहरुमा थुप्रै ऐन, कानूनहरु निर्माण गरी कार्यान्वयन गर्नु पर्ने ।
- नगरको अधिकांश बस्तीमा बस्ने व्यक्तिहरुको जग्गाको स्वामित्व नभएको र स्वामित्व भएकाहरुलाई पनि करको दायरामा ल्याउन कठीनाई रहेको ।
- नगरपालिकाको संस्थागत र भौतिक पूर्वाधार विकास गर्नु पर्ने ।
- शहरी पूर्वाधारको विकास गर्नु पर्ने ।
- आर्थिक दृष्टिले सक्रिय जनशक्ति बढी भएपनि उचित व्यवस्थापन र रोजगारी सृजना नहुँदा उर्जाशील जनशक्ति भारत लगायत विभिन्न मुलुकहरुमा जोखिमपूर्ण काममा आफ्नो श्रम बेच्न बाध्य रहेकाछन् ।
- नागरिकहरुले स्वास्थ्य उपचारका लागि नगर बाहिर जानु पर्ने बाध्यता हुंदा प्राथामिक स्वास्थ्य केन्द्र सालकोटलाई अस्पतालको रुपमा स्तरोन्नती गर्न आवश्यक रहेको ।
- नगरपालिका र वडा कार्यालयको आफ्नो भवनहरु नहुँदा व्यवस्थित रुपमा सेवा सुविधा प्रवाह गर्न कठीनाई भैरहेको ।
- उच्च शिक्षा तथा प्राविधिक शिक्षा हाँसिल गर्न अन्यत्र जानुपर्ने अवस्था रहेको ।
- महिला, बालवालिका, दलित, आदिवासी जनजाती, अपाङ्ग आदि लक्षित समुदायहरुको जिवन स्तरमा सुधार हुन नसकेको ।

## २.२. स्थानीय चाडपर्व तथा जात्रा र मेलाको विवरण

नेपाल एक बहुभाषिक, बहुधार्मिक, बहुजाति, बहुसाँस्कृतिक विविधता भएका मानिसहरूको बसोबास भएको एक साँस्कृतिक विविधताले भरिपूर्ण देश हो । नेपालको एक फरक पहिचान भनेकै साँस्कृतिक विविधता हो र नेपालको आर्थिक विकासमा महत्वपूर्ण प्रभाव पार्ने तत्वहरू मध्येको सामाजिक र साँस्कृतिक स्रोत पनि एक हो । यहाँका विभिन्न पवित्र स्थलहरूमा मन्दिर, गुठी, चर्च, परम्परागत सँस्थाहरू र पर्यटकीय सार्वजनिक स्थलहरू पर्दछन् । हिन्दु धर्मवालम्वीहरूको बाहुल्यता रहेता पनि यस नगरपालिकामा वौद्ध धर्म, क्रिश्चियन धर्म मान्नेहरूको पनि सामान्य मात्रामा बसोबास भएकाले यहाँ मुख्यतया दशौ, तिहार, माघेसक्रान्ती, तीज, जनैपुर्णिमा, वुद्धजयन्ती, क्रिसमस डे लगायतका चाडपर्वहरू मुख्य रूपमा मनाइन्छ । यहाँ मनाइने मुख्य चाडपर्वको अलवा स्थानीय स्तरमा मनाईने जात्रा तथा मेला सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ : नगरपालिकामा रहेका स्थानिय चाडपर्ब/जात्रा/मेलाहरूको विवरण**

| क्र.सं. | चार्डपर्वहरू | मनाइने महिना | तिथि | मनाउने जातजाति |
|---|---|---|---|---|
| १ | दशैं, तिहार | असोज ,कार्तिक | दशमी,द्बितीया,तृतीय | सबै हिन्दु |
| २ | माघेसक्रान्ती | माघ १ गते | संक्रान्ति | थारू तथा अन्य |
| ३ | जनै पुर्णीमा, होली पुर्णिमा | भाद्र, फाल्गुण | पुर्णिमा | सबै हिन्दु |
| ४ | क्रिशमस डे | पुस | 25-Dec | क्रिश्चियन |
| | जात्राहरू | | | |
| १ | तिजको जात्रा | भाद्र | तृतीय | हिन्दु |
| २ | भुवो जात्रा | कार्तिक | औंसी | हिन्दु |
| ३ | दशरा जात्रा | जेठ | दशमी | हिन्दु |
| | मेलाहरू | | | |
| 1 | शिवरात्री मेला | फाल्गुण | | |
| 2 | माघेसक्रान्ती मेला | पुस अन्तिम दिन | सक्रांन्तिको अघिल्लो दिन | सबै |
| 3 | पञ्चपुरी मेला | भाद्र | पुर्णिमाको अघिल्लो दिन | |

स्रोत : लक्षित समुह छलफल

## २.३.नगरपालिकाको अबस्था र विशेषताहरु

राजनैतिक दलहरुको सहमति र जनचाहना अनुसार साविकका सालकोट, छाप्रे, विद्यापुर, बावियाचौर र तातापानी गा.वि.स लाई मिलाई आज हामी एक भौगोलिक सुन्दरताले भरिपूर्ण नगरवासी बन्न सफल भएको देखिन्छ । नगरपालिकाको काँधमा ठुलो जिम्मेवारी छ । जनताका आकांक्षा धेरै छन, आर्थिक परनिर्भरता छ, स्रोत साधनको कमी छ, नागरिकहरुको जिवनस्तर उठन सकि रहेको छैन, यस अवस्थामा हामीले आफ्नो कर्तव्य पुरा गर्नु पर्ने हुन्छ । सन्तुलित र समावेशी विकासको अवधारणा साथ हामी निरन्तर अघि बढ्नु आजको आबस्यकता र जरुरी छ ।

सुर्खेत जिल्लाका नौ स्थानीय तह मध्ये विकासमा पछि परेको तर प्रचुर सम्भावना बोकेको स्थानीय तह पञ्चपुरी नगरपालिका हो । ३२९.९० वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यो नगरपालिका जैविक, प्राकृतिक, पर्यटन, वातावरणीय विविधताका साथ साथै अन्य स्रोत साधनले भरिपूर्ण छ ।

**२.४.हालको अवस्था / समस्या र चुनौतीहरुः-**

१. वीरेन्द्रनगर सुर्खेत सदरमुकाम जोड्ने बड्डीचौर, गुठु, वेनिघाट सडक कालो पत्रे हुन सकेको छैन ।

२. स्थानीय स्तरमा साना लघु जलविद्युत उत्पादन भई थोरै जनता लाभान्वित रहेता पनि यस क्षेत्रमा केन्द्रीय विद्युत लाईन विस्तार हुन सकेको छैन ।

३. प्रशस्त खानेपानीका स्रोतहरु हुदांहुदै पनि सवै नागरिकहरु लाई स्वच्छ खानेपानी उपलब्ध हुन सकेको छैन ।

४. उच्च शिक्षा अध्ययनका लागि नगरपालिका भित्रको एउटै मात्र विद्यापुर क्याम्पस भवन लगाएतका पूर्वाधार निर्माण हुन सकेको छैन । प्राविधिक एवं व्यवसायिक शिक्षा हासिलका लागी उचित व्यवस्थापन हुन सकेको छैन ।

५. नागरिकहरुले स्वास्थ्य उपचारका लागि नगर बाहिर जानु पर्ने बाध्यता छ । प्राथामिक स्वास्थ्य केन्द्र सालकोट लाई अस्पतालको रुपमा विकास गर्न सकिएको छैन ।

६. नगरपालिकाको आफ्नो कार्यालय भवन छ तर सवै शाखा अटन नसक्दा व्यवस्थित रुपमा सेवा प्रवाह हुन सकेको छैन ।

७. नगर क्षेत्रभित्र रहेका दर्जनौं पर्यटकीय क्षेत्रहरु ओझेलमा परेका छन । संरक्षण, संवर्द्धन र प्रचार/प्रसारको कमी रहेको छ ।

८. परम्परागत खेती प्रणाली भन्दा माथि उठी व्यवसायिक आधुनिक कृषि प्रणालीको विकास हुन सकेको छैन ।

९. बाढी प्रभावित विस्थापित घर परिवारहरुको उचित व्यवस्थापन हुन सकेको छैन । अझै बाढी प्रभावितहरुले कष्टकर जीवन बिताउनु परिरहेको छ ।

१०. सन्तुलित र समावेशी विकासको अवधारणा को अवलम्वन हुन सकेको छैन ।

११. महिला, बालवालिका, दलित,जनजाती, अपाङ्ग राज्यका लक्षित समुदायहरुको जीवन स्तरमा सुधार हुन सकेको छैन ।

१२. अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्न सकिएको छैन ।

१३. आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रम विच उचित तालमेल हुन सकेको छैन ।

१४. नगरपालिका र वडा कार्यालयहरुको पूर्वाधार निर्माण र कार्यबोझका आधारमा कर्मचारीको उचित व्यवस्थापन हुन नसकेको अवस्था छ ।

**२.५.आ.ब.२०७९/०८० मा नगरपालिकाले अबलम्बन गरेका नीतिहरु**

**<u>१ सोच</u> "कृषि,पशुपालन,स्वास्थ्य तथा स्वरोजगार,सुदृढ जनस्वास्थ्य सहितको समृद्धि पञ्चपुरीको आधार"<u>२ लक्ष्य</u>**

पञ्चपुरी नगरलाइ भौतिक रुपले योजनाबद्ध शहरी सुविधायुक्त, आर्थिक रुपले सम्पन्न, महिला तथा बाल मैत्री, सामाजिक समावेशीकरण, वातावरणमैत्री, स्वस्च्छ, स्वस्थ, व्यवस्थापकिय रुपले,सुव्यवस्थित कृषि,शैक्षिक र पर्यटकिय नगरको रुपमा विकास गर्ने ।

## ३. उदेश्य

.........................................................................................................................

.........................................................................................................................

..

## २.६. बजेटका विशेषता तथा प्राथमिकताहरु

.........................................................................................................................

.........................................................................................................................

..

## २.७. विषयगत नीतिहरुः

पञ्चपुरी नगरपालिकाको सोच, लक्ष्य र उद्देश्यलाई आत्मसाथ गर्दै नगरपालिकाको दीर्घकालिन सोचको यथार्थपरक बनाउनका लागि निम्नानुसारका क्षेत्रगत नीतिलाई अवलम्बन गरिएको छ।

**पञ्चपुरी नगरपालिकाको आ.ब.२०७९/०८० को नीति**

**१.आर्थिकविकास :**

**क. कृषितथापशुपन्छी**

**(अ) कृषि**

१. कृषि तथा पशुपंक्षी पालनकोलागी उपयुक्तठाउँहरुको पहिचानगरी तरकारी, फलफूल खेती तथा पशुपंक्षी पालनको पकेटक्षेत्र कार्यक्रमलाई विगतका आ.व.मा यस आ.व. मा पनि निरन्तरता दिइनेछ ।

२. कृषिमा उत्पादकत्व बढाउन कृषियान्त्रिकीरण अपरिहार्यछ । विगतका वर्षमा योविषयलाई प्राथमिकतामा राखिएको थियो । यसआ.व.मा पनि ५० प्रतिशत लागत सहभागितामा आधुनिक कृषिऔजारहरु तथा प्रविधि उपलब्धगराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. नगरका सम्पूर्ण वडाहरुमा स्थानीय आवश्यकता तथा मागपहिचान गरी मागमा आधारित खेती कार्य तथा पशुपंक्षि पालनमा गरीने विशेष व्यवस्था यस आ.व. मा पनिनिरन्तरता दिइनेछ ।

४. यस नगरको वडानं.१र७ मा सुन्तला, कागति, टीमुर, व्यवसायिकरुपमा पशुपंक्षिपालन, फलफूल खेती र जडिवुटीको पकेटक्षेत्रकोरुपमा विकास गर्ने तथा विदेशबाट स्वदेशफर्केका युवाहरुलाई व्यवसायिक रुपमाकृषि (आँपखेती) तथा पशुपंक्षिपालनमा सहभागी गराउन विशेष व्यवस्था तथा पहल गरीनेछ ।

५. स्थानीय भूगोल, वनजंगल. तथा तापक्रम सुहाउदो गरी सम्भावित क्षेत्रमा मौरीपालन कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

६. माटो व्यवस्थापन कार्यक्रम अन्तर्गत कृषकलाई माटोको नमूना संकलन सम्बन्धि तालिम कार्यक्रम सञ्चालनलाई निरन्तरता दिई लक्षित कृषक लाभान्वित हुनेगरी कार्यक्षेत्र पहिचान गरी माटो परीक्षण शिविर सञ्चालन गरीनेछ । साथै नमूना भकारो सुधार कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

७. मौसमी तथा बेमौसमी कृषि बाली संरक्षणको लागि फेरोमेनपासो खरिद तथा वितरण कार्यक्रम, बालीमा लाग्ने किरा तथा ढुसी नियन्त्रणका लागि निःशूल्क विषादी वितरण कार्यक्रम, बालि विरुवामा लाग्ने आकस्मिक अन्य जोखिम न्यूनीकरण सम्बन्धि कार्यक्रम सञ्चालन गरीनेछ ।

८. कृषि खाद्यबाली उत्पादन तथा बीउबिजन उत्पादनमा आत्मनिर्भर बनाउन ५०प्रतिशत अनुदानमा धान,मकै, गहूँ, आलु, च्याउको विउ वितरण कार्यक्रममा जोडदिइने छ ।

९. कृषकहरुलाई बेमौसमी तरकारी खेती तर्फ आकर्षित गर्न आवश्यक तालिमको व्यवस्था मिलाइने छ । कृषक समूह लक्षित उन्नत तरकारी बीउवितरण तथा तरकारी मिनिकीट वितरण कार्यक्रम सञ्चालनगरी तरकारी विकास कार्यक्रमलाई प्रोत्साहन गरीनेछ ।

१0. पञ्चपुरीनगरपालिकाकोवडानं५, ९, १०, ११कोभूगोलक्षेत्रलक्षितगरीबगरखेतीविस्तारकार्यक्रम अन्तर्गततर्भुजातथाबदामरआपखेतीलाईजोडदिइनेछ।

११. पञ्चपुरी नगरपालिकाको भूगोल तथा हावापानी क्षेत्र अनुकूलित उत्पादन हुने वर्षे तथा हिउँदे फलफूल पहिचानगरी बगैचा क्षेत्र विस्तार कार्यक्रम अन्तर्गत यसको ढुवानी, प्याकेजिंगका लागि आवश्यक अनुदानको व्यवस्था गरीने छ ।

१२. कृषकहरुको कृषि ज्ञान, सीप, क्षमतामा अभिवृद्धि तथा अनुभवलाई उजागर गर्नकालागि अन्तर जिल्ला कृषक भ्रमण, मागमा आधारित घुम्ति तालिम जस्ता कार्यक्रमहरुमा जोडदिइने छ ।

१३. पञ्चपुरी नगरपालिका क्षेत्र भित्र कृषिबाली उत्पादन वृद्धि कार्यक्रमलाई थप विस्तार गर्न साझेदारीमा आधारित कृषि कार्यक्रम सञ्चालन गरीनेछ । किसान सूचीकरण कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्था गरीने छ ।

१४. नगर क्षेत्र भित्र रहेका कृषि सम्बन्धी सहकारीहरुको अभिलेख अद्यावधिक गरी वार्षिक रुपमा कार्य सम्पादन प्रतिवेदन नगरपालिकामा प्रस्तुत गर्ने आवश्यक व्यवस्था मिलाइने छ ।

१५. नगरपालिका भित्र विगतका वर्षहरुमा पनि कृषिसमूह गठन तथा कृषक उन्मुख कार्यक्रमहरुको छलफलमा महिलाहरूको अग्रणी भूमीका रहदै आएकोमा यसलाई अझ विस्तार गर्न१०००दिने आमाहरुलाई मिनि करेशाबारी विउविजन वितरण कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

१६. उपभोक्ता लागत साझेदारीमा ५०१, सिचाई कुलो निमार्ण गरीने छ ।

**(आ) पशुपन्छी**

१. पशु स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत पशुपक्षी विकास उपशाखा बाबियाचौरबाट र पशु सेवा इकाई कार्यालय तातापानी, पलाइटे, छाप्रेबाट सबै किसानहरुलाई पशुस्वास्थ्य सेवा सहज पहुँच पुऱ्याउने तथा अन्य वडाहरुमा आवश्यकता अनुसार घुम्तीसेवा उपलब्ध गराउने व्यवस्था गरीनेछ आवश्यकताका आधारमा तपशील बमोजिमको कार्यक्रमहरु निःशूल्क रुपमा उपलब्ध गराइनेछ :

(क) मेडिकल उपचार सेवा कार्यक्रम सञ्चालन गरीने,

(ख) माईनर सर्जिकल उपचार सेवा कार्यक्रम सञ्चालनगरीने,

(ग) गाईनो कोलोजिकल सेवा कार्यक्रम सञ्चालन गरीने,

(घ) पशुबन्ध्याकरण सेवा कार्यक्रम सञ्चालन गरीने।

२. प्रयोगशाला सेवा कार्यक्रम अन्तर्गत पशुपन्छीजन्य रोग पहिचानको लागि सबै इकाई कार्यालयहरुमा प्राइमरी प्रयोगशाला उपलब्ध गराइनेछ । यसको लागि आवश्यक सामाग्री खरिद, प्राविधिकहरुलाई प्रयोगशाला सम्बन्धी तालिमको व्यवस्था गरीनेछ ।

३. भेटेरीनरी प्रसार सेवा कार्यक्रम : यस कार्यक्रम अन्तर्गत दुर्गम स्थानका किसानका पशुपंक्षीहरुलाइ निःशूल्क पशु स्वास्थ्य शिविर मार्फत सेवा उपलब्ध गराइनेछ ।

४. पशु प्रजनन सेवा कार्यक्रम स्थानीय स्तरमा पालनगरीएका स्थानीय जातका पशुहरुमा नश्लसुधार मार्फत उत्पादकत्व सुधारगरी, दुध, फुल, मासुमा आत्मनिर्भर बनाई कृषकहरुलाई स्वरोजगार बनाइने छ । यसलाई सुदृढगर्न कृत्रिम गर्भाधान सेवा कार्यक्रम पशुपन्छि विकास उपशाखा मार्फत, विगतका आ.व.हरुमा उपलब्ध भइरहेकोमा यसआ.व. २०७९/८०मा यसलाई निरन्तरता दिइनेछ । आगामी आर्थिक वर्षमा यसलाई अझविस्तार गर्न घुम्ती सेवा मार्फत पञ्चपुरी नगरपालिका क्षेत्रको दुर्गमभु-भागमा उन्नत जातका राँगा, गोरु, बोका वितरणगरी नश्लसुधार र उत्पादनलाई विस्तार गरीनेछ ।

५. पञ्चपुरी नगरपालिका अन्तर्गतका किसानहरुलाई व्यवसायिक पशुपंक्षीपालन तालिमको व्यवस्था गरीनेछ ।

६. पञ्चपुरी नगरपालिका क्षेत्र भित्र पशुपालनका कार्यक्रमलाई थप विस्तार गर्न साझेदारीमा आधारित पशुपालन कार्यक्रम सञ्चालन गरीनेछ ।

७. पशुविकास कार्यक्रमःपञ्चपुरी नगरपालिका क्षेत्रभरी उन्नत प्रविधिबाट पशुपंक्षीपालनलाई व्यवसायीकरण गर्ने उद्देश्यकासाथ देहाय बमोजिमका थप कार्यक्रमहरु कार्यान्वयन गरीनेछ :

(क) समूहमार्फत पशुपालन कार्यलाई व्यवसायीकरणगर्न मागको आधारमा अनुदान कार्यक्रम सञ्चालन गरीनेछ ।

(ख) भकारो सुधार कार्यक्रम तथा बाखाखोर सुधार कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

(ग) अण्डाको उत्पादन प्रवर्द्धनका लागि कुखुरा पालनमा अनुदान सहयोग कार्यक्रम सञ्चालन गरीनेछ।

(घ) ब्रोइलर कुखुरा पालनमा १००० गोटा भन्दा बढी कुखुरा पालन गर्ने व्यवसायिक कृषकलाई कुखुरा खोर निर्माणको लागि अनुदान सहयोगको व्यवस्था गरीनेछ ।

(ङ) चारामेसिन अनुदानमा वितरण गर्ने व्यवस्था मिलाइने छ ।

(च) दुग्धपदार्थ संकलन, दुग्धजन्य पदार्थको निर्माण र बजारीकरणलाई टेवा पुयाउनका लागि डेरी पसल स्थापना र व्यवस्थापनका लागि अनुदान सहयोगको व्यवस्था गरीनेछ ।

(छ) स्थानीय स्तरमा व्यवस्थित पशुहाटबजार स्थापना र सञ्चालनको लागि सम्भाव्यता अध्ययन
गरीनेछ ।

(ज) लोकल कुखुरा फर्म स्थापनाको लागि आवश्यक अनुदानको व्यवस्था गरीनेछ । साथै टर्की लौकट फर्म स्थापना र सञ्चालनको लागि आवश्यक प्राविधिक सहयोगलाई जोडदिइने छ ।

(झ) बोयरबाखाको शुद्धनश्लको फर्म स्थापनामा अनुदान सहयोग गरीनेछ ।

(ञ) मत्स्यपालनलाई थपव्यवसायीकरण र बजारीकरणगर्नका लागि आवश्यक अनुदानको व्यवस्था
गरीनेछ ।

(ट) बंगुरपालन कार्यक्रम लागत अनुदानमा आधारित भई सञ्चालन गरीनेछ।

(ठ) व्यवसायिक किसानलाई व्यवसायिकरणमा सहयोग पुऱ्याउनका लागि स्वरोजगार कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

(ड) पशुपन्छी र माछापालन गर्ने किसानहरुलाई प्रोत्सहन गर्न कृषक प्रोत्साहन कार्यक्रमसञ्चालन गरीनेछ ।

(ढ) कृत्रिम गर्भाधानगरीएका गाई, भैसीलाई आवश्यक सन्तुलित दाना तथा पौष्टिक तत्व व्यवस्थागर्नका लागि पशुसुत्केरी भत्ता कार्यक्रम सञ्चालन गरीनेछ ।

**ख. उद्योग व्यवसाय**

क) साना तथा मझौला उद्योगहरुको संरक्षण र विकास गर्दै स्थानीय क्षेत्रमा रोजगारी अभिवृद्धि गर्ने नीति लिइने छ ।

ख) स्थानीय स्रोत र कच्चापदार्थ, सीप,श्रम र प्रविधिको उपयोग गर्नेगरी उद्योगको प्रवर्द्धन गर्न विशेष जोड दिइनेछ ।

ग)बजारमा विक्रीहुने खाद्यपदार्थहरुको नियमित अनुगमनगरी पोषक तथा स्वास्थ्य बर्द्धक खाद्यपदार्थको उत्पादन र प्रयोगको सुनिश्चितता गरीने छ ।

घ) बजार अनुगमन गर्ने व्यवस्थालाई कानुन अनुसार अगाडी बढाइने छ । यसका लागि सरोकारवाला पक्षहरुसंग समन्वयात्मक किसिमले अगाडी बढ्ने व्यवस्था मिलाइने छ ।

**ग. श्रमतथारोजगार**

१. मर्यादित काम, सामाजिक सुरक्षा र आदर्श श्रमको सम्मानगर्ने र असल श्रमको सम्बन्धको माध्यमबाट श्रमको उत्पादकत्व अभिवृद्धिगर्दै यस पञ्चपुरी नगरपालिका क्षेत्रभित्र रहेका नागरीकहरुलाई काम र रोजगारीको अवसर
सिर्जना गर्ने कार्यक्रम तयगरीनेछ । कोभिड - १९काकारण स्वदेश र विदेशमा रहेका नागरीक समेतको रोजगारीमा असर परेको तथ्यलाई मननगरी काम र रोजगारीको थपअवसरहरु सिर्जना गर्ने व्यवस्था गरीने छ ।

२. यस नगरपालिकामा सञ्चालन हुने विकास निर्माणमा श्रममूलक भौतिक विकासका कार्यक्रमहरुमा विपन्न परिवार लक्षित पारिश्रमिकमा आधारित श्रमकार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । साथै बेरोजगार रहेका कोरोनोका कारण रोजगारी गुमाएका र वैदेशिक रोजगारीबाट फर्केकालाई पारिश्रमिक सहितको जनसहभागितामूलक र प्रविधि सहितको श्रममूलक विकास निर्माणमा परिचालन गरीने छ ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रमको विस्तार परिवर्तन अनुरुप संघ प्रदेश र स्थानीयतहमा सञ्चालित सार्वजनिक विकास निर्माण कार्य श्रममूलक प्रविधिबाट कार्यान्वयन गरीने छ । कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन व्यवस्था गरीनेछ । यूवा, लक्षित सीप विकास तालिमहरुको व्यवस्था गरीने छ ।

४.कोरोनाको कारण रोजगारी गुमेका तत्काल पुनःस्थापनाभई रोजगार सृजना हुन नसक्ने क्षेत्रमा कार्यरत रहेका मजदुरको रुपान्तरण गरी अन्यन्त्र कामगर्न सक्षम तुल्याउन उत्पादन र सेवाक्षेत्रमा कार्यरत मजदुरको सीप हस्तान्तरण गरी अन्यत्र काम गर्न सक्षम तुल्याउन उत्पादन र सेवाक्षेत्रमा हस्तकला, प्लम्बिङ्ग, बिजुली मर्मत इलेक्ट्रोनिक्स, कुक, कालिगड, सिकर्मी सिलाई कटाई, डकर्मी, व्युटिसियन, कपाल कटाई, ड्राइभिङ्ग, मोबाइल, बाइक मर्मत लगायतका सीप विकास तालिम सञ्चालन गरीने छ ।

५.प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी र व्यावस्थित गर्नकालागी लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरीने छ ।

६. प्रधानमन्त्री र मुख्यमन्त्री रोजगारको कार्यक्रमको माध्यमबाट विकास निर्माण, कृषि र उद्योगक्षेत्रमा यूवा उद्यमीको विकासगरी स्वरोजगार सिर्जना गरीनेछ ।

७. यूवा लक्षित कृषि तथा उद्यममा मौलिकसीप र नवीन प्रविधिको प्रयोगगर्दै स्वरोजगारी विकास गर्न सहुलियतपूर्ण कर्जा, ब्याज अनुदान उपलब्ध गराउनका लागि आवश्यक पहल गरीनेछ ।

८. संघ र प्रदेश सरकारको साझेदारीमा बेरोजगारकालागि सीप विकास कार्यक्रम सञ्चालन गरीनेछ । बेरोजगार र कोरोना प्रभावित परिवारलाई रोजगारीको अवसरमा प्राथमिकता दिइने छ ।

९. यस नगरपालिका भित्ररहेका आर्थिक, सामाजिक स्तर कमजोर रहेका भूमीहिन र दलितलाई परम्परागत शीपमा आधारित रोजगारीको विकासगर्न उचित सहयोग गरीनेछ ।
१०. निजी, सहकारी, गैरसरकारी क्षेत्र, विकाससा झेदार र समुदाय स्तरबाट सञ्चालन हुने रोजगारमूलक कार्यक्रमलाई समन्वय, सहजिकरण तथा मूलप्रवाहिकरण गरीने छ ।
११. रोजगार सेवाकेन्द्रमा दर्ताभएका श्रमिकलाई उपयोगगर्न निजीक्षेत्रका उत्पादनशील उद्योगले आफूलाई आवश्यक पर्ने श्रमिकलाई आवश्यक तालिम सहित रोजगारीको लागि आवश्यक पहल गरीने छ ।
१२.नगरपालिका क्षेत्र भित्र बेरोजगारको लगत संकलन गर्ने कार्य तथा वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र शोषण रहित बनाउनकालागि श्रमरोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसंग समन्वयगरी आप्रवास परियोजना काकार्यक्रम लागु गरीने छ ।
१३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित अनुदानबाट यूवारोजगारीको लागि रुपान्तरण पहल आयोजना र कामकालागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाको लागि उपलब्ध हुने रकममा यस नगरपालिका भित्र ४०७० जना सूचीकृत बेरोजगार मध्येबाट ५४१जना छनौटगरी तिनीहरुलाई कम्तीमा १०० दिन बराबरको रोजगारी उपलब्ध गराउने किसिमले कार्यक्रमको व्यवस्था गरीने छ ।
१४.प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभाबकारी र व्यवस्थित गर्नकालागि लागत साझेदारीमा सञ्चालन गरीन्छ ।

२.**सामाजिक विकास** :

नगरपालिकाले असहाय, अनाथ र टुहुरा बालबालिकाहरुलाई छात्र वृत्ति र ६० बर्ष देखि ६८ बर्षसम्मका असहाय, साहारा बिहिन जेष्ठ नागरीकलाई बिशेष भत्ताको ब्यवस्था गर्नेछ ।

**(अ) स्वास्थ्य**

नगरपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्बोधनगर्दै नागरीकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदानगर्न देहायका नीतिअवलम्बन गरीने छ ।

१. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन आवश्यकता अनुसार नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरीनेछ ।

२. न्यूनतम सेवा मापदण्ड (Minimum Services Standard) अनुसारको आवश्यक भौतिक पुर्वाधार,औजार उपकरण, फर्निचर, औषधि, एकिकृतसूचनासामाग्री, मसलन्दको व्यवस्थापन गरी सम्पूर्ण स्वास्थ्य संस्थाबाट गुणस्तरीयरुप मास्वास्थ्य सेवा प्रवाह गरीने छ ।
३.आवश्यकता अनुसार गाउँघर किल्निक र खोपकिल्निकको भौतिक पूर्वधार विकास गर्दै क्रमशःस्वास्थ्य उपकरण,
फर्निचर व्यवस्था मिलाइने छ ।

४. स्वास्थ्य क्षेत्रको दीगोविकासका लागि आवश्यक वित्तीय श्रोत तथा नगरपालिका स्तरीय विशेष कोष(जस्तै स्वास्थ्य सेवा विकास कोष र आकस्मिक स्वास्थ्य सेवा कोष) को स्थापनागरी संचालनमा ल्याइने छ ।

५. नगरपालिका स्तरिय स्वास्थ्य सेवा व्यवस्थापन समिति, स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता उपसमिति र स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिहरुको व्यवस्थापकीय क्षमतामा अभिवृद्धिगरी स्वास्थ्य संस्थाको व्यवस्थापन सुदृढ गरीने छ ।

६. नगरप्रमुखको रोहवरमा प्रमुखप्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौतागरी लागु गरी कार्यसम्पादनको आधारमा स्वास्थकर्मीहरुलाई उचित प्रोत्साहनको ब्यवस्था गरीनेछ ।

७. नगरवासीले१घण्टाकोदुरीमा र हनेगरी प्रत्येकवडामा स्थापना गरीएको स्वास्थ्य इकाई मार्फत प्राथमिक स्वास्थ्य उपचार र परामर्शको व्यवस्था गरीएको छ । आधारभूत स्वास्थ्य सेवा निःशूल्क रुपमा उपलब्ध गराउन स्वास्थ्य संस्थामा तोकिएका औषधिको नियमित आपूर्तिगरी बिरामीको संख्या तथा रोगको आधारमा औषधिको माग आपूर्ति सन्तुलन गरीने छ ।

८. महिला, बालबालिका, किशोर किशोरी, दलित, अपाङ्गता भएकाव्यक्ति, अशक्त, जेष्ठनागरीक, आर्थिक सामाजिक र शैक्षिक रुपमा विपन्नवर्ग र अन्य लक्षित समुहहरुका लागि विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालन गरीने छ ।

९. नगरपालिकाले आपतकालिन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद तथा प्रतिकार्ययोजना तयारगरी लागु
गरीने छ र नगरपालिका भित्रका रणनीतिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी,उपकरण तथा अन्य सामाग्रीको जगेडा(Buffer Stock) को व्यवस्था गरीनेछ ।

१०. आकस्मिक स्वास्थ्य सेवा प्रदानगर्ने स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई थप सुविधा
प्रदान गरीने छ । सुत्केरीमहिला प्रोत्साहन भत्ता स्वरुपरु २०००/- को व्यवस्थालाई निरन्तरता दिईने छ ।

११. नगरपालिका क्षेत्र भित्रका ६० वर्ष माथिका ज्येष्ठनागरीकहरुलाई आधारभूत तथा निःशूल्क स्वास्थ्य सेवा घरैमागई प्रदान गर्ने व्यवस्था गरीने छ । साथै ज्येष्ठ नागरीकहरुका लागि आँखाको उपचार निःशूल्क गरीने छ ।

१२. आमा र नवजात शिशुको स्वास्थ्यमा सुधार ल्याउन र घरमा हुने प्रसुतिसेवालाई निरुत्साहित गर्न वर्थिङसेन्टरको मापदण्ड पुगेका आधारभुत स्वास्थ्यसेवा केन्द्र र सामुदायिक स्वास्थ्यइकाईमा प्रसुतिकेन्द्र(Birthing Center) को विस्तार गर्न विशेष पहल गरीनेछ ।

१३. स्वास्थ्य प्रवर्द्धनको लागि स्वस्थ आहार, विहार, व्यायाम, योग तथा ध्यान विधि प्रवर्धनगर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ्य हरितपार्क, पुनर्स्थापना केन्द्रल गायतका केन्द्रहरु स्थापना गरीदै लगिने छ ।

१४.स्वास्थ्य सेवामा अधिकतम् उपयोग र सहभागिता बृद्धिगर्न सेवाग्राहीको व्यवहार परिवर्तनका लागि चेतनामूलक कार्यक्रमहरु संचालन गरीने छ ।

१५. स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढीकरणगरी तथ्यमा आधारित योजना तर्जुमागरी प्रभावकारी रुपमा कार्यन्वयन गरीनेछ ।

१६. स्वास्थ्य कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन र नियमन गर्ने संयन्त्रको विकासगरी लागु गरीनेछ ।

१७. गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता र स्वास्थ्य सुशासन कायमगर्नको लागी कम्तिमा बर्षमा एकपटक सामाजिक लेखा परीक्षण सबै स्वास्थ संस्थाबाट गराईने छ ।

१८. महिलाहरुको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था विश्लेषणगरी अवाश्यकता अनुसार महिला
केन्द्रित कार्यक्रम संचालन गरीने छ ।

१९. गर्भवति र २ बर्षमूनीका बच्चाका आमाहरुको पोषणको स्थीति सुधारगर्न पोषण केन्द्रित विशेष कार्यक्रम सन्चालन गरीने छ ।

२०.अन्तर्राष्ट्रिय विकास साझेदारहरुबाट लिइने आर्थिक सहयोगलाई परिमाण तथा प्राथमिकता निर्धारण गरेर दोहोरोपन नहुनेगरि प्रभाबकारी रुपमा परिचालन गराइने छ ।

२१. नगरपालिका क्षेत्रभित्र रहेका सबैवडा तथा पहुँच बाहिरका बस्तीहरुमा निःशुल्क घुम्ती स्वास्थ्य शिविर संचालनगरी विशेषज्ञ सेवा बस्तीस्तरवाट पुर्याइने छ ।

२२. स्वास्थ्य संस्थामा जन्मिने बच्चाहरुलाई अनिवार्य रुपमा जन्म प्रमाणपत्र उपलब्ध गराई पञ्जिकरण विधिसंग जोडिनेछ ।

२३. खोप एवं पोषण बृद्धि अनुगमन व्यवस्थितरुपमा संचालन गरीने छ | पञ्चपुरी नगरपालिका वडान. १०मा निर्माण भएको होल्डिंग सेन्टरर तातापानी११को पुलनजिक स्थापना भएको वोइटिंग सेन्टरको व्यवस्थापकीय पक्षलाई सुदृढ बनाउदै लगिने छ ।

२४. पिछडिएको वर्ग तथा समुदायका दलित, जनजाति, महिला बालबालिकाहरुको निःशुल्क तथा आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्न सामाजिक परिचालन, सचेतना तथा प्रोत्साहन कार्यक्रमको व्यवस्था गरीने छ ।

२५. प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुनागाउँ, नमुनावडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल उत्कृष्ठ अभियान शुरुगरी क्रमबद्धरुपमा बिस्तार गरीने छ ।
२६. सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा ईन्टरनेटको पहुच विस्तारगरी विधुतिय सुचना प्रणालिलाई चुस्तदुरुस्त बनाई एकिकृत सुचना प्रणालिलाई प्रभावकारी बनाउने र दक्षस्वास्थ्यकर्मि बनाउन तालिमको व्यवस्था मिलाउने Online Reporting eLMIS system लाई विस्तार गरीने छ ।
२७. नसर्ने रोगको रोकथाम तथा न्युनिकरण गर्न वडास्तरका आधारभूत स्वास्थ्य संस्थाबाट ४० वर्षमाथिका नागरीकको अधिकतौल, कुपोषण, महिलाको पाठेघरको रोग, दमरोग, मृगौला रोग क्यान्सर रोग, मधुमेह रोग,सिकलसेल एनिमिया, उच्च रक्तचाप जस्ता रोगको नियमित जाचगर्ने र Body Mass Index जाँच तथा परामर्शको व्यवस्था मिलाउने र समुदायमा स्वस्थ आहार विहार सम्वन्धि जनचेतनामुलक स्वास्थ्य कार्यक्रम संचालन गर्ने नीति लिइने छ ।
२८. राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रम अनुसार वाल तथा मातृमृत्युदर घटाउनका लागि सुरक्षित मातृत्व वाल स्वास्थ्य, पोषण, स्वास्थ्य कार्यक्रम, परिवार नियोजन, खोप कार्यक्रम, सरुवा रोग तथा संक्रामक रोगसंग सम्बन्धित विभिन्न प्रतिकारात्मक प्रवर्द्धनात्मक कार्यक्रमलाई प्रभावकारीरुपले संचालन गर्ने व्यवस्था मिलाईने छ ।
२९. समुदाय स्तरमा कामगर्ने सामूदायिक महिला स्वास्थ्य स्वयंसेविकाको मनोबल बढाउन महिला स्वास्थ्य स्वयंसेविका क्षमता अभिवृद्धि गर्ने, यातायात तथा संचार खर्चको व्यवस्थागर्ने, स्वेच्छिक अवकाश हुदा नगरपालिकावाट प्रोत्साहन भत्ताको व्यवस्था गरीने छ ।
३०.नगरपालिका सम्पूर्ण सामूदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको सामूहिक स्वास्थ्य वीमागरी सामूदायिक महिला स्वास्थ्य स्वयंसेविकाको मनोवल उच्च गराउने र समुदायस्तरमा स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालनगर्न जनचेतनामुलक कार्यक्रम तथा अभिमुखिकरण कार्यक्रम संचालन गरीने छ ।
३१. नगरपालिकाको वडानं. ४ चनालि र वडानं. ९ राग स्वास्थ्य इकाई स्थापना गरीनेछ ।
३२.नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको बर्थिङ्ग सेन्टरहरुबाट प्रशुती सम्बन्धि जटिलता भएका महिलाहरुलाई समयमै गर्भवती र नवजातशिशुलाई सम्वन्धित अस्पतालमा प्रेषणगरी मातृ तथा नवजात शिशु मृत्युकम गर्न तथा प्रभावकारी प्रेषण प्रणालीको व्यवस्थागर्न बर्थिङ सेन्टरहरुबाट आकस्मिक रुपमा प्रेषण कोष व्यवस्था गरीने छ ।
३३. नगरपालिकाका सबैवडाहरुमा हिलाको स्तन र पाठेघरको क्यान्सर चेकजाच सम्बन्धि शिविर संन्चालन गरीने छ ।

**(आ) शिक्षा, युवा तथा खेलकुद**

१. नेपालसरकारलेघोषणागरेकोसार्वजनिकशिक्षासबलिकरणदशक (वि.सं. २०७६-२०८५ ) मागुणस्तरीय शिक्षण सिकाईको वातावरण निर्माणगर्न सबै सामुदायिक विद्यालयहरुमा विषयगत रुपमा शैक्षिक सामाग्री व्यवस्थापनको लागि आवश्यक स्रोत उपलब्ध गराइने छ ।

२० गुणस्तर अभिवृद्धिका लागि स्वस्थशैक्षिक प्रतिष्पर्धाको वातावरण सिर्जनागर्न न्यूनतम पूर्वाधार र गुणस्तरको मापदण्ड निर्धारणगरी एक वडा एक नमूना विद्यालय र बालशिक्षा केन्द्र विकासको लागि प्रोत्साहित गरीने छ ।

३. श्रमको सम्मानगर्ने संस्कृतिको विकासगर्न कृषि, पशुपालन तथा स्थानीय कच्चापदार्थमा आधारित उद्यमी तथा स्वरोजगार यूवालाई सम्मान तथा प्रोत्साहन गरीने छ ।

४. विद्यालय तह देखिनै खेल प्रतिभाको प्रस्फुटनको वातावरण निर्माणगर्न विद्यालयलाई खेल सामाग्री उपलब्ध गराई विद्यालय स्तरीय खेलकुदमा प्रोत्साहित गरीने छ ।

५. एक वडा एक खेलमैदान र एक विद्यालय एक खेल मैदानको अवधारणा अनुसार खेल पूर्वाधारको विकासको कार्य अगाडी बढाइने छ ।

६. राष्ट्रिय, प्रदेशस्तरीय खेलमा पदक जित्ने नगरपालिकाका खेलाडीहरुलाई पुरस्कृत गरीने छ ।

७ विद्यालयहरुलाई सूचना प्रविधिमैत्री बनाउन आवश्यक व्यवस्था गरीने छ । शिक्षण सिकाई प्रक्रियामा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिइने छ ।

८, नगर खेलकुद विकास समिति गठनभई खेलकुद क्षेत्रको विकास अगाडी बढाउन नगरखेलकुद कानून आगामी आर्थिक वर्षमा तर्जुमागरी कार्यान्वयनमा ल्याइने छ ।

९.नगर खेलकुद विकास समितिले वडानं. १ देखि११सम्म सन्तुलित खेलकूद विकासगर्न समितिलाई आवश्यक सहयोग गरीने छ । नगरको शैक्षिक क्यालेन्डर निर्माणगरी सम्पूर्ण शैक्षिक गतिविधीहरुमा एकरुपता ल्याउन आवश्यक व्यवस्था मिलाइने छ ।

१०.विद्यालयलाई अपाङ्गमैत्री र छात्रामैत्री बनाउनेगरी न्यूनतम भौतिक पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइने छ । साथै विद्यालय कलर कोड अनुसार सबै विद्यालयको रङरोगन सम्पन्न गरीने छ ।

११. प्रारम्भिक बालशिक्षा केन्द्रका बालबालिकाको समतामुलक पहुँच सुनिश्चित गर्न आवश्यक स्रोत साधन उपलब्ध गराइने छ । बालविकासका सहयोगी कार्यकर्तालाई उपलब्ध गराइदै आएको प्रोत्साहन भत्तामा वृद्धि गरीने छ ।

१२.स.का.विद्यालयका कर्मचारीको समयानुकुल पारिश्रमिक नगरको आन्तरिक श्रोत व्ययभार पर्नेगरी व्यवस्थापन गरीने छ ।

१३. माध्यमिक विद्यालयहरुमा क्रमश पुस्तकालय, विज्ञान प्रयोगशालाको व्यवस्थापनगर्दै लगिने छ ।

१४. सबै विद्यालयहरुमा छात्रा सुलभ शौचालयको व्यवस्थापन गर्दै लगिने छ ।

१५. विद्यालयहरुमा स्वास्थ्य सामाग्री व्यवस्थापनगर्न बजेटको व्यवस्थापन गरीने छ ।

१६. छात्राहरुलाई सिनेटरी प्याडको व्यवस्थापन गरीने छ । छात्राहरुलाई आइरन चक्की खुवाउने व्यवस्थागर्नुकासाथै बालबालिकालाई समय समयमा आखा अस्पताल सुर्खेतसंग समन्वयगरी आँखा, कान जाँचको व्यवस्था गरीने छ ।

१८. विद्यालयको भौतिक निर्माणमा जोडदिई सबैविद्यालयमा पक्कीभवन निर्माणको कार्यलाई प्राथमिकीकरण गरीने छ ।

१९. स्वयंसेवक शिक्षक व्यवस्थापन नीतिलाई कायमै राखिने छ ।

२०. कम्तीमा आधारभूत तहसम्म दलित, अपाङ्ग पिछड़ावर्गका बालबालिकाको शिक्षामा पहुँच पुयाउने नीति कायमै राखिएको छ ।

**(इ) महिला, दलित तथा लक्षित वर्गउत्थान, सशक्तिकरण एवं सामाजिक समावेशीकरण**

१. नगरक्षेत्रभित्रहुनेविभिन्नकार्यक्रम, पैरवी, गोष्ठी, भेला, समिति गठन जस्ता कार्यको कार्यान्वयनमा महिलाको प्रतिनिधित्व सुनिश्चित हुनेकिसिमको नीतितिलिइनेछ। सामाजिक कुरितीको रुपमारहेको छुवाछुत, छाउपडी, बोक्सी, बालबिवाहघरेलुहिंसा लगायतको क्रियाकलापको अन्त्य गर्ने नीति लिइने छ ।

२. महिलाहरुलाई व्यवसायिकता तर्फउन्मुख गराउनआयमुलक, सीपमुलक कार्यक्रमहरु सञ्चालन गरी आर्थिक रुपमा आत्मनिर्भर तथा सामाजिकरुपमा सम्मानित बनाइने नीति लिइने छ,

३. महिला तथा बालाबालिकाउपर हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सबै वडाहरुमा अभियान सञ्चालन गरीनेछ । हिंसा विरुद्ध शुन्य सहनसीलताको नीति अनुरुप प्रत्येक वडामा लैङ्गिक हिंसा व्यवस्थापन समितिको गठन एवं परिचालन गरीनेछ । साथै सबैवडाहरु सम्मिलित नगरस्तरमा एक लैगिक हिंसा निवारण कोष स्थापना र सञ्चालन गरीने छ ।

४. उद्यमशीलता प्रवर्द्धन गर्ने क्रियाकलापहरुद्वारा रोजगारी सृजना गरी दिगो जिविकोपार्जनका कार्यक्रमहरुलाई प्रोत्साहन गरीनेछ । प्रदेश तथा संघबाट प्राप्त हुने विभिन्न सामाजिक कार्यक्रमहरुलाई नगरको गरीबी न्यूनीकरणका लागि आबद्धता गर्दै लैजाने नीति लिइने छ ।

५. नगर क्षेत्रभित्रका विपन्न महिला अपाङ्ग दलित आदिवासी जनजाती तथा वञ्चितीमा परेका लक्षित वर्गहरुमा सामाजिक तथा कानूनी सचेतना वृद्धिगर्नका लागि आवश्यक दिवस मनाउने व्यवस्था तथा कार्यक्रमहरुको व्यवस्था गरीने छ ।

६- हाम्रा बालबालिका हाम्रो भविष्य भन्ने नाराकासाथ बालमैत्री शासनपद्धती अनुशरण गरीने छ नगरएवं वडा तहमा बालमैत्री शासन व्यवस्थापन समितिको गठन र परिचालनमा जोडदिइने छ बालक्लव गठन र तिनिहरुको नगरस्तरीय सञ्जालगठनमा जोड दिइने छ । बालबालिका विरुद्धहुने हिंसालाई न्यूनिकरण गर्ने नीति लिइने छ ।

७. सबै प्रकारको हिंसा र शोषण निषेधको नीति लिइने छ । बालश्रम मुक्तनगरपालिका घोषणागर्ने  नीतिलाई थप सक्रियता पूर्वक कार्यान्वयनगर्न सरकारी तथा गैरसरकारी सस्थाहरुसंग समन्वय गरीने छ ।

८. टोलविकास संस्था स्थानीय शासनका साझेदार हुन् । यिनको क्रियाशिलताले स्थानीय सुशासनलाई प्रत्यक्ष रुपमा बल पुग्नेहुँदा टोलस्तरमा हुने सबैप्रकारका स्थानीय शासकीय गतिविधीमा टोल विकास संस्थाको औपचारिक सक्रियता सुनिश्चिता गर्ने नीति लिइने छ ।

९. सामाजिक समावेशी नीतिअनुरुप दलित, आदिवासी, जनजाती पिछडावर्गको सशक्तिकरण र उत्थानका कार्यक्रमहरु विभिन्न गैरसरकारी तथा सरकारी संस्थाहरुको समन्वयमा सञ्चालन गरीने छ ।

१०. जेष्ठनागरीकहरुको अनुभव र सीपलाई आर्थिक सामाजिक कार्यमा उपयोग गर्ने जेष्ठनागरीकको सेवा सुरक्षा तथा सम्मान कार्यक्रम सञ्चालन गरीने छ । परम्परागत सीप तथा प्रविधिहरुको प्रवर्द्धन गरीने छ ।

१४. अपाङ्गता भएका व्यक्तिको पहिचान र अधिकारलाई सुनिश्चितगर्दै अपाङ्गताको गाम्भीर्यताको आधारमा अपाङ्गता परिचयपत्र वितरणगर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१२. अपाङ्गता क्षेत्रमा क्रियाशील सामाजिक संघ संस्थाहरुको अगुवाईमा अपाङ्गता सम्बन्धी कार्यक्रम सञ्चालनमा जोडदिइने छ । अपाङ्गता भएका व्यक्तिको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालनको लागि संघ तथा प्रदेशसरकारसंग सहकार्य गरीने छ ।

१३. पिछडावर्ग, सिमान्तकृत समुदाय, आदिवासी जनजाती, दलित लगायत विपन्न र पिछडिएका वस्तीहरुमा स्थलगत रुपमानै व्यक्तिगत घटना दर्तागर्न टोली खटिने छन् । साथै प्रत्येक वडामा आवश्यकताका आधारमा व्यक्तिगत घटना दर्ताकालागि घुम्तिशिविर सञ्चालन गरीने छ ।

१४. नगरपालिकाको सवै वडाहरुमा सामाजिक विकृति एवं विसङ्गती तथा लागुपदार्थ दुर्व्यसन नियन्त्रणगर्न स्थानीय सुरक्षा निकायबीच सहकार्यगरी नियन्त्रण गरीने छ ।

१५. वडा तहबाट विभिन्न नियकाबाट गठनगरीएका महिला समूह, आमासमूहहरुलाई एकीकृतरुपमा महिला सञ्जाल गठनमा आबद्धतागरी महिलाहरुको आर्थिक एवं सामाजिक सशक्तिकरणको लागि परिचालन गरीने छ ।

१६. नागरीक सहायता कक्षमा महिला दलित तथा लक्षित वर्ग उत्थान, सशक्तिकरण एवं सामाजिक समावेशीकरणका सवालमा आएका गुनासोहरु सहायता अनुरोधहरुलाई छुट्टै अभिलेखबद्धगरी तिनिहरुको कार्वाही प्राथमिकताकासाथ गरीने व्यवस्था मिलाइने छ ।

१७. नगरक्षेत्रमा भएका महिला सहकारी संस्थाहरुको अभिलेख, प्रवर्द्धन, अनुगमनगर्नका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

**ई) खानेपानीतथासरसफाई**

१. नगरपालिका खुला दिसामुक्तक्षेत्र घोषणा भइसकेकोहुदा पूर्णसरसफाई कार्यक्रमलाई यो आ.व.मा पनि निरन्तरता दिइने छ ।

२. नगरक्षेत्र भित्र स्वच्छ खानेपानीको सुविधाबाट वञ्चित वासिन्दाहरुलाई खानेपानीको लागि पिनेखोला, फार्सेकाँडा हाँसेगाउ खानेपानी, तातापानी खानेपानी, हुड्के नार्सी खानेपानी, बरैचे, डाब कालापानी खानेपानी,दुलालथाई माझीगाउँ चुनेरीताल खानेपानी, छाप्रेसान्नी, दोबाटा, बुडाखाली, धनबोट खानेपानी, कुइने खानेपानी,विद्यापुर खानेपानी, सालकोट खानेपानी आयोजनाको कार्य यो वर्षपनि सञ्चालनमा रहेकोहुँदा यस आयोजनाको व्यवस्थापन तथा पूर्वाधार निर्माणकार्यलाई अगाडी बढाउन नेपालसरकार तथा प्रदेश सरकारसंग विशेषपहलगरीने छ । हाललाई त्यस्ता आयोजनाहरु सम्पन्नगर्नका लागि दायित्व स्वीकार गरीने छ ।

३. नगरक्षेत्र भित्र सुलभ रुपमा स्वच्छ खानेपानीको पर्याप्त आपूर्तीमा सहयोग गरीने छ । फोहोरमैला व्यवस्थापनगर्न डम्पिङ्ग साइडकोलागि आवश्यक स्थानको पहिचानगरी व्यवस्थापन गरीने छ ।

४. फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारीरुपमा सञ्चालनगरी स्वच्छत फासफानगर नीति लिइने छ । खानेपानीको समस्या भएका क्षेत्रमा स्वस्थ खानेपानीको व्यवस्थाको लागि आयोजना परियोजना संचालन गरीने छ । निर्माणका चरणमा रहेका खानेपानी योजनाहरुलाई क्रमशःसम्पन्नगर्दै लगिने छ ।

३.**वन, वातावरण तथा विपद्व्य वस्थापन**

**(क) वन, वन्यजन्तु तथा भू-संरक्षण**

पञ्चपुरी नगरपालिकाभित्र रहेका विभिन्न सामुदायिक, धार्मिक वनको संरक्षण गरीने छ ।

● नदीकिनार, नदिउकास, सार्वजनिक खालीजग्गा, पाखा तथा सडककिनारमा वृक्षारोपण गरीने छ ।

जडिबुटीखेतीको लागी वडानं. १, ४, ६, ७,८,९,११को क्षेत्र सर्वेक्षणगरी उत्पादनको व्यवस्था गरीने छ ।

पञ्चपुरी नगरक्षेत्र भित्रको वनजंगलमा हुने आगलागी, वन्यजन्तु तथा वनपैदावरको चोरीनिकासी

तस्करी जस्ता कार्यहरु नियन्त्रणगर्न स्थानीय सुरक्षा संयन्त्र, अन्तर पालिका समन्वयका कार्यलाईजोड दिइने छ ।

0 जलवायु अनुकुलित कार्यक्रमहरु सञ्चालनमा विशेष प्राथमिकता दिइने छ ।

भू-संरक्षणकालागि आवश्यक जनचेतना मूलक कार्यक्रमहरु सरोकारवाला पक्षसंगको समन्वयमा सञ्चालन गरीने छ ।

**(ख) वातावरण, पर्यावरणएवम्जलाधारक्षेत्रसंरक्षणतथाविपद्व्यवस्थापन**

१.नगरभित्रको अव्यवस्थित भूमीको व्यवस्थापनको लागि संघीय सरकारसंग पहलगरीने र बाझो जमिनलाई उत्पादनमुलक प्रयोगमा ल्याउन किसानलाई प्रोत्साहन गरीने छ ।

२. बायु तथा ध्वनीको प्रदुषण नियन्त्रण सम्बन्धी जनचेतना मुलक अभियान संचालन गरीने छ ।

३. नगरभित्र रहेका निजी, सरकारी, विद्यालय र कलेजको २०० मिटर वरपर हानिकारक सुर्तीजन्य मदिराजन्य पदार्थ बेचविखनमा रोक्न लगाइने छ । नगरक्षेत्रको बजार तथा बाटोमा नियम विपरित जथाभावी होडिंगबोर्ड राख्न रोक लगाइने छ ।

४. विपद्व्य वस्थापनलाई प्रभावकारी वनाउन विपद्व्य स्थापन कोषमा आवश्यक बजेट विनियोजन गरीने छ । नगरभित्रका विपद जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचानगरी स्थान्तान्तरणको व्यवस्था मिलाइने छ ।

५.नगरभित्रका नदीका कारण नगरवासीले भोग्नपरेको समस्यालाई न्यूनीकरणगर्न आवश्यक कार्यक्रमहरु संचालन गरीने छ । विपद्प्रति कार्यकालागि खोज तथा उद्दार समिति, प्राथमिक स्वास्थ्य समिति, पूर्वसूचना समितिहरुको गठनगरी आवश्यक कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गरीने छ ।

६. विपद्पूर्वतयारीतथाप्रतिकार्यक्षमताविकाससम्बन्धिकार्ययोजनाबनाईकार्यान्वयनगरीनेछ। विपदजोखिमन्यूनीकरणगर्नकालागिसचेतनामूलककार्यक्रमहरुसञ्चालनगरीनेछ। विपद्व्यवस्थापनकोलागिउद्धारतथाआवश्यकसामाग्रीहरुकोव्यवस्थापनगरीनेछ।

**गैर सरकारी संस्था :**

१.विभिन्नक्षेत्रमा कार्यरत गैरसरकारी संस्थाले सञ्चालनगर्ने कार्यक्रममा दोहोरोपना नहुनेगरी समन्वयात्मक ढंगबाट कार्यक्रम सञ्चालन गरीने छ ।

२.गैर सरकारी संस्थाहरुको क्रियाकलापलाई नियमन र व्यवस्थितगर्न आवश्यक कानून बनाई कार्यान्वयनमा ल्याइने छ ।

३. नगरक्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरुलाई नगरवासीले अधिकतम लाभ पाउनेगरी परिचालन गरीने छ । अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाइने छ ।

**पर्यटन, संस्कृति :**

१. पर्यटन विकासको लागि ऐतिहासिक, पुरातात्विक, धार्मिक सांस्कृतिक पर्यटकीय स्थल तथा सम्पदाहरुको खोज,पहिचान, संरक्षण, प्रचार प्रसार तथा विकास व्यवस्थापनमा जोडदिइने छ ।

२. पर्यटन मार्फत पञ्चपुरीलाई समुन्नतगराउनका लागि भेरीकर्णाली नदीमा व्याफ्टिीग सम्भाव्यतालाई अध्ययन,सञ्चालन, विभिन्न तालहरुको संरक्षण र डुङ्गासञ्चालनगरी आन्तरिक तथा बाह्यपर्यटनलाई बढावा दिई आन्तरिक राजश्ववृद्धिगर्ने नीति लिइने छ ।

३. नगर क्षेत्रभित्ररहेको जाजुरा दहमा डुङ्गा सञ्चालनको लागि आवश्यक व्यवस्था गरीने छ ।

४. नगर क्षेत्रमा रहेका अन्य पर्यटकीय स्थल, चमेरेगुफा, पाँचतलेगुफा, मादलेगुफा, पञ्चपुरी देवस्थल, भेरीकर्णाली दोभानमा धार्मिक तथा पर्यटकीय पूर्वाधारहरुको थप निर्माण र मर्मत सम्भारकोलागि आवश्यक व्यवस्था गरीने छ ।

५. विभिन्न जातजातीका परम्परागत रितिरिवाज, परम्परा, चाडपर्वजात्रा, मेला, झाँकी, खेलकुद, कला संस्कृति तथा मठ, मन्दिर, गुम्बा, चर्चहरुको संरक्षण र सम्वर्द्धन गरीने छ । साथै उक्तक्षेत्रको प्रवर्द्धनको लागि श्रष्टा सम्मान कार्यक्रम लगायत विशेष कार्यक्रमहरु सञ्चालनगर्ने नीतिलिइने छ ।

६. नगरपालिकाका विभिन्नठाउँमा होमस्टे संन्चालन गरीने छ ।

**सहकारी क्षेत्र :**

१. सहकारी क्षेत्रलाई नगर अर्थव्यवस्थाको महत्वपूर्ण पक्षकोरुपमा विकास गरीने छ । सहकारी क्षेत्र मार्फत परिचालनलाई पारदर्शी र विश्वसनीय बनाइने छ । सहकारी क्षेत्र अनुगमन प्रणालीलाई प्रभावकारी बनाइने छ ।

२.सहकारी संस्थाहरुको कारोबारलाई पारदर्शी बनाउन सहकारी विभागबाट विकास गरीएको कोपोमिसको प्रभावकारी रुपमा कार्यान्वयन गरीने छ । बचत तथा ऋण सम्बन्धी कारोबार गर्ने सहकारी संस्थाहरुले २०७९आश्विन मसान्तसम्म अनिवार्य रुपमा कोपोमिसबाट रिर्पोटिङ्ग गर्नुपर्ने व्यवस्था गरीने छ ।

४.**पूर्वाधार विकास** :

१. नगरक्षेत्र भएर अन्य गाउँपालिका तथा जिल्ला जोड्ने रणनैतिक सडकहरु चिसापान (कैलाली) - बाबियाचौर-छाप्रे-जंगलाघाट- अछाम मंगलसेन जोड्नेसडक, कल्यानकाध-भक्तडी-धनरास- डोटीसडक, छिन्चु लेखपराजुल- हरिहरपुर-तरंगा तातापानी सडक, रागविद्यापुर-दहताल- छाप्रे-अछाम मंगलसेन जोडने सडक, सालकोट- हाँसेगाउ - धनबोट--चिउरी-जंगलाघाट सडक निर्माणको स्तरउन्नतिकालागि विस्तृत सम्भाव्यता अध्ययनर IEE गरी संघीय सरकारर प्रदेशसरकार समक्ष विशेष पहलगर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२. नगरभित्रका सम्पूर्ण सडकहरुको वर्गीकरणगरी मापदण्ड तोकिने छ ।

३. बस्तीबाट वडाकेन्द्र जोड्ने सडक, वडाकेन्द्रबाट नगरकेन्द्र जोड्ने अधुरा सडकहरुलाई विशेष प्राथमिकताका साथ निर्माण गराइने छ ।

४. नगरपालिकाको सडकहरु निर्माणगर्दा वातावरणमैत्री प्रविधि अवलम्वन गरीने छ ।

५. नगरको लगानीमा गत आ.व. मा स्तरोन्नती गरीएका अधुरासडकहरुलाई निरन्तरता दिइने छ ।

६. नगरपालिका भवनलाई समयमै सम्पन्न गराउनकालागि आवश्यक वितिय व्यवस्थापन गरीने छ ।

७. नगरभित्रका सम्पूर्ण सडकहरुलाई बाह्रैमास सञ्चालन योग्य बनाउन वार्षिक सडक मर्मत सम्भार योजना निर्माणगरी लागू गरीने छ ।

८. नगरक्षेत्रको समृद्ध विकासकोलागि निजीक्षेत्रलाई प्रोत्साहन गर्दै ए. ए. ए. मोडलबाट विकास निर्माणका कार्यहरु सञ्चालनगर्ने नीति लिइने छ । सोको स्वामित्व नगरपालिकाले लिने व्यवस्था गरीने छ ।

९. नगर क्षेत्रभित्र केन्द्रीय विद्युतलाई विस्तारगर्न पहल गरीने छ । जनसहभागितामा आधारित लघु जलविद्युत, सौर्यउर्जा, बायोग्याँस आदिवै कल्पिकउर्जाका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

१०.नेपालसरकार र प्रदेशसरकारबाट प्रप्तसमपुरक अनुदान र विशेष अनुदानबाट सञ्चालन हुने आयोजनाको लागि लागत सहभागितागर्न आवश्यक रकम विनियोजन गरीने छ ।

११. घर तथा नक्सा पास प्रक्रियालाई डिजिटाइजेसन गरीदै लगिने छ ।

१२.यस नगर क्षेत्रभित्रका सिचाईको सम्भावना भएका तथा सिचाईको अभावरहेको क्षेत्रकोलागि सिचाई बाध तथा कुलोनिर्माण तथा मर्मत सम्भार कार्यकोलागि आवश्यक व्यवस्था गरीने छ । सिचाई बाध तथा कुलोहरुबाट सिचाई सम्भवनहुने ठाउँहरुमा लिफ्टप्रविधिबाट सिचाई व्यवस्था गरीने छ ।

१३. साना र टुक्रे योजना भन्दा देखिने र दिर्घकालिन प्रकृतिका ठूला आयोजनाहरुको कार्यक्रम कार्यान्वयन अगाडी बढाइने छ । केही विशेष योजनामा मात्र प्रविधीको प्रयोगलाई जोड दिइने छ । योजना सञ्चालनमा श्रममूलक प्रविधिको प्रयोगलाई जोडदिइने छ ।

१४. बस्तीविकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड बनाई राष्ट्रिय भवन संहितालाई कार्यान्वयनगरी भूकम्प प्रतिरोधात्मक भवन निर्माण कार्यमा जोडदिइने छ ।

१५. संघीय सरकार मार्फत पञ्चपुरी ६र८ मा स्थापनाभई कार्यान्वयनहुने औद्योगिक ग्रामको थपनिर्माण कार्यलाई निरन्तरता दिनपहल गरीने छ ।

१६.भूकम्प प्रतिरोधात्मक भवन निर्माणका लागि प्रोत्साहितगर्न डकर्मीहरुलाई तालिम दिने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१७. नगरक्षेत्र भएर जाने राष्ट्रिय सडक तथा यातायातलाई ध्यानमा राखी नगर वसपार्क, शवदाहगृह, कवर्डहल, बीपी रंगशाला, पशुवधशाला, शीतभण्डार, जेष्ठ नागरीक विश्रामस्थल, शैक्षिक प्रतिष्ठानका क्षेत्रहरु, फोहोर प्रशोधन केन्द्र, ढलनिकास आदि जस्ता क्षेत्रहरुको विस्तृत सम्भाव्यता अध्ययनगरी प्राथमिकताको आधारमा योजना बनाई कार्यान्वयनमा लैजाने नीतिलाई निरन्तरता दिइने छ ।

१८. योजनाको कार्यान्वयनमा गुणस्तर कायमगर्नकालागि प्राविधिक ल्याब स्थापना गरीने छ ।

१९.यस नगरपालिकामा आ.ब.२०७९/०८०मा फोहोर ब्यावस्थापनकालागि डम्पिङ्ग साइडर सडकमा ढलनिकासको व्यावस्था गरीने छ ।

२०. सडकको छेउछाउमा अनिवार्यरुपमा बोटबिरुवा लगाउने ब्यावस्था गरीने छ ।

**६.सुशासन तथा संस्थागत विकास**

१. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच सह-अस्तित्व, सहकार्य र समन्वयको सिद्धान्त अबलम्वन गरीने छ ।

२.नगरपालिकाको कुनैपनि स्वरुपको भ्रष्टाचार सहन नगर्ने नीति अनुरुप शासकीय क्रियाकलापहरुमा हुनसक्ने अनियमितता,सरकारी सम्पत्तीको अनाधिकृत प्रयोग, अपचलन, वा दोहनगर्ने जुनसुकै पदाधिकारी, कर्मचारी सेवा प्रदायक वा सेवाग्राहीलाई कानून अनुरुप दण्डको व्यवस्थालाई कडाइका साथ कार्यान्वयनमा ल्याइने छ ।

३.नगरपालिकामा सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी प्रतिष्पर्धी र मितव्ययी बनाई सुशासन कायमगर्न निर्माण व्यवसायीहरुको प्राविधिक तथा आर्थिक क्षमता, पूर्वकार्य सम्पादन स्थिती, कामको गुणस्तर, कार्यान्वयनमा रहेका ठेक्कासंख्या सहितको अभिलेखलाई अद्यावधिक राखिने छ

४. निर्माणहुने कार्यको सम्बन्धित सबै पक्षको विश्लेषण नगरीठेक्का दिएको कारणबाट तोकिएको समय,लागत,गुणस्तर सहितको कार्यसम्पादन नभएमा प्राविधिक मूल्यांकनकर्ता, पदाधिकारी, उपभोक्ता समिति तथा अन्य जिम्मेवार कर्मचारीलाई कानून अनुसार दण्डदिने तथा आवश्यक क्षतिपूर्तीभराउने नीति अवलम्बन गरीने छ ।

५.नगरपालिकाको कार्यहरुबारे असन्तुष्टि तथा गुनासो सम्बोधन र उजुरीको छानबीन एवं कार्वाहीमा प्रभावकारिता ल्याउन गुनासो सुन्ने संयन्त्र निर्माणगरी कार्यान्वयनमा ल्याइने छ ।

६.नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयको दैनिककार्यव्यवस्थितरुपमासञ्चालनगर्ननगरपालिकाको भवन निर्माण कार्य र केहीवडाको भवन निर्माण कार्य भइरहेकोहुदा आ.व. २०७९/८०भित्रै पूर्णता दिन नगरपालिकाबाट समेत बजेट विनियोजनगरी आवश्यक बजेट व्यवस्थाकोलागि सम्बन्धित निकायमा पहलगरी ने छ र निर्माण भइसकेका कार्यालयहरुको लागि नगरबाट आवश्यक थपव्यवस्थापन सामाग्रीहरु खरिद गरीने व्यवस्थान गरीने छ ।

७. कार्यालयबाट सम्पादनहुने कार्यलाई सेवाग्राही मैत्री तथा प्रविधिमैत्री बनाइने छ ।

८.स्थानीय तहलाई प्राप्त अधिकार र जिम्मेवारी अनुसार नगरपालिकालाई आवश्यकपर्ने थप कानूनहरु बनाई स्वीकृतगरी लागु गरीने छ ।

९कर्मचारी तथा पदाधिकारीको क्षमता विकासकोलागि आवश्यक तालिमको व्यवस्था गरीने छ ।

१०. सवैकर्मचारीहरुकोकार्यविवरणबनाईलागुगरीनेछ।

११. नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धिकोलागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थितगर्दै लगिने छ ।

१२.न्यायिक समितिको कार्यसम्पादनलाई प्रभावकारी बनाउन आवश्यक संरचना तथा रकमको व्यवस्था गरीने छ । प्रत्येक वडामा स्थापना भएका मेलमिलाप केन्द्रलाई थपक्रियाशिल बनाई सृदृढीकरण गरीने छ ।

१३. नगर क्षेत्रभित्र रहेको प्रहरीसेवा र नगरप्रहरी सेवाको व्यवस्थाकोलागि आवश्यक पहल गरीनेछ ।

१४. करदाता तथा सेवाग्राहीहरुलाई सम्मान पूर्वक सहजरुपमा कर एवं राजश्व बुझ्ने र बुझाउने, सेवा लिने वातावरण मिलाइने छ ।

१५.नगरमा कर संकलन कार्यलाई अभियानकोरुपमा सञ्चालनगरी सबै भन्दा बढीकर तिर्नेकरदातालाई सम्मान गर्ने कार्यको थालनी गरीने छ ।

१६. महालेखा परीक्षकको कार्यालयबाट औल्याइएका सबै किसिमका बेरुजु फछ्र्यौट कार्यलाई प्रभावकारीरुपमा अगाडी बढाइने छ ।

१७.नगरपालिकाको कार्यालय तथा प्रत्येक वडामा नागरीक वडापत्रको प्रभावकारी कार्यान्वयनमा जोडदिइने छ ।

१८.नगरपालिका क्षेत्रभित्रका आफ्नो क्षेत्राधिकारको सार्वजनिक सम्पत्तीहरुको रेखदेख तथा मर्मत सम्भारको आवश्यक प्रबन्ध मिलाइने छ ।

१९. नगरपालिकाबाट सम्पादन गरीने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादनगर्न आन्तरिक नियन्त्रणप्रणाली तयारगरी कार्यान्वयन गरीने छ ।

२०.नगर कार्यपालिकाको कार्यालयको संगठन विकासका ध्ययनगरी आन्तरिक आयको आधारमा आवश्यक दरबन्दी सृजनागर्ने, कर्मचारीको पदपूर्तीगर्ने र प्रत्येक कर्मचारको कार्यविवरण तयारगरी कार्यविवरणमा उल्लेखित कार्यसम्पादनगर्ने व्यवस्था मिलाइने छ । कार्यसम्पादन मूल्यांकनलाई कार्यविवरणसंग जोडिने छ ।

२१. आर्थिक वर्षमा कम्तीमा ३ पटक नगरपालिकाबाट प्रदानगरीने सेवा सुविधाका बारेमा फरकफरक वडामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरीने छ र वडाहरुले वर्षमा कम्तीमा१पटक अन्तिम रुपमा सार्वजनिक सुनुवाई कार्यक्रमगर्ने व्यवस्था गरीने छ ।

२२.नगरपालिकाले आफ्नो आन्तरिक आयश्रोतको आधारमा कर्मचारीकोलागि आवश्यक प्रोत्साहन भत्ताको व्यवस्था गर्नेछ ।

२३.नगरस्तरीय र वडास्तरीय अनुगमन सुपरिवेक्षण समिति गठन भइसकेकोहुदा योजना कार्यान्वयन तथा अनुगमनको कार्यलाई थप प्रभावकारी बनाई योजना तथा कार्यक्रमहरुको प्रभावकारी अनुगमन र मूल्यांकन प्रणालीलाई पारदर्शी बनाइने छ । नगरपालिकाबाट प्रवाहगरीने सेवाको स्तरीयता बढाउन कर्मचारीहरुलाई उत्प्रेरितगर्ने नीतिलिइने छ ।

## वित्तीय व्यवस्थापन तथा राजश्व परिचालन सम्बन्धीनीतिहरू

१.कर्मचारीहरूलाई तलब भत्ता सम्बन्धी व्यवस्था सघीय निजामती सेवाबाट समायोजन भइआएका तथा साबिक स्थानीय निकाय र हाल स्थानीयतहमा स्थायी नियुक्ति भएकाकर्मचारीको हकमा नेपाल सरकारले आ.व. २०७९/०८० को बजेटमा उल्लेख गरेबमोजिम यथावत कायम गरीनेछ।
२. अपाङ्ग, असहाय, असक्त, दैवीप्रकोप पिडित द्वन्द पिडित, ७० वर्ष माथिका जेष्ठ नागरीक तथा कोरोनाका कारण ज्यानगुमाएका परिवारको मानिसलाई निःशूल्क सिफारिस गरीनेछ।
३. राजश्व, लेखा, जिन्सी अभिलेखको लागि सफ्टवेयर मार्फत विभिन्न शाखाको अभिलेख तथा प्रतिवेदन प्रणाली व्यवस्थित बनाइएकोमा आगामी आर्थिक वर्षमा पनि निरन्रता दिइनेछ।
४.यस नगरपालिका क्षेत्रमा लागु हुनेगरी कार्यान्वयनमा आएका विभिन्न राजश्वका श्रोतहरुको दरहरुलाई समसामयिक बनाउदै लगिनेछ।
५.व्यवसाय कर र घरबहालकर असुलीलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षको पहिलो चौमासिकबाटै नगरभित्रको सबै वडाको उद्योग, व्यापार, व्यवसायीहरुको लगत खडागरी स्थलगत करअसुली अभियानको थालनी गरीनेछ।

## २.८.. संस्थागत क्षमता तथा सेवाप्रवाहमा सुधार :

नगरपालीकाको संगठन संरचना पुनरावलोकन गरी स्पष्ट रूपमा शाखागत तथा पदीय कार्य विवरण परिमार्जन गरी जवाफदेही कार्यसम्पादन संस्कारलाई संस्थागत गर्दै लगिने छ । कर्मचारीहरूको कार्य दक्षता वृद्धिका लागि तालीमको आवश्यकता पहिचान गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरूका साथै, क्षमता अभिवृद्धिका लागि प्रशिक्षण र अध्ययन भ्रमणका कार्यक्रमहरू संचालन गरिने छन् । नगरकार्यपालीकाको कार्यालयबाट प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउन समय समयमा सार्वजनिक उत्तरदायित्व वहन गर्ने संयन्त्रहरू जस्तै सार्वजनिक सुनुवाइ, सुझाव पेटिका , नागरिक वडा-पत्र को व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ । आन्तरिक लेखापरीक्षण कार्यविधि, अनुगमन कार्यविधि, आन्तरिक आय बाँडफाँड कार्यविधि तथा कर्मचारी आर्थिक प्रशासन विनियमावलीमा तर्जुमा तथा सुधार गर्दै लगिने छ

**नीति कार्यान्वयनको अवस्था**

| क्र. सं. | नीतिको नमुना | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| १ | नगरपालीका स्तरीय सडक ग्राबेल र साना नाला पुल पुलेसा निर्माण कार्यलाई साझेदारीमा अगाडि बढाइने छ । | | भएको | |
| २ | ठूला र धेरै लागत लाग्ने पुल पुलेसा निर्माणका लागि सडक डिभिजन र नेपाल सरकारमार्फत संचालन गर्न आवश्यक पहल गरिने छ । | | भएको | |
| ३ | वडा.स्तरका सडकहरू निर्माण गर्ने, सञ्चालन गर्ने र मर्मत सम्भार गर्ने कार्य वडा.लाई जिम्मेवारी दिइने छ । | | दिइएकोछ | |
| ४ | सा-साना मर्मत-सम्भारका लागि पनि नगरपालीकाकै मुख ताक्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आफ्नो क्षेत्रभित्रका सडकहरूको निर्माण आफै गर्ने ब्यबस्था मिलाउने छ । | • | भएको | |
| ५ | सहभागितात्मक योजना प्रक्रियाअन्तर्गत | | भएको | |

| क्र. सं. | नीतिको नमुना | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| | सम्बन्धित मन्त्रालय तथा दातृ तहसग अनुरोध गरी बजेट व्यवस्था गरी कार्यान्यवन गर्दै लगिने छ। | | | |
| ६. | विद्युत सेवा नपुगेका वडाहरूमा विद्युत् पुऱ्याउन सामुदायिक विद्युतीकरणलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्दै लगिने छ । | | प्रयासभएको | |
| ७. | नगरपालीकालाई आगामी वर्षहरुमा खुल्ला दिसामुक्त क्षेत्र बनाउन विभिन्न वडा.लाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरी कार्यक्रम अगाडि बढाइने छ। | | भएको | • |
| ८. | विद्यालयहरूबाट प्रथम द्वितीय र तृतीय हुने छात्रछात्राहरूलाई(दलित छात्रछात्रा समेत) प्रोत्साहन स्वरूप पुरस्कृत गरिने परामपराको प्रारम्भ गरिने छ। | | भएको | • |
| ९. | स्वास्थ्य चौकीहरूको भौतिक तथा गुणात्मक पक्षहरूको सुधारका लागि प्रदेश कार्यालयमार्फत आवश्यक पूर्वाधार विकासका लागि कार्यक्रम अगाडि बढाइने छ। | | | |
| १० | स्वास्थ्य समस्या तथा लैङ्गिक सवाल जस्ता विषयहरूलाई(अन्तरसम्बन्धित सबाल का रूपमा लिई विकासका हरेक क्रियाकलापमा मूल प्रवाहीकरण गर्दै लैजाने नीति अंगीकार गरिने छ। | | भएको | |
| ११ | नगर अनुदानबाट लक्षित वर्गलाई किटान गरी उपलब्ध गराइने बजेटलाई प्रभावकारी रूपमा परिचालन गर्ने व्यवस्था मिलाइने छ। | | भएको | |
| १२ | लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउन कार्यकम संचालन गर्ने व्यवस्था मिलाइने छ। | | भएको | |
| १३ | लक्षित वर्गसँग काम गर्ने गैससहरूलाई क्षेत्रगत सहयोग र सहकार्यका लागि परिचालन तथा प्रोत्साहन गर्ने र यी वर्गहरूको सीप | | | गैससलाई विकासमा समावेश गर्नु पर्ने |

| क्र.सं. | नीतिको नमुना | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| | तथा क्षमता विकासका लागि आवश्यक सहयोग गर्ने नीति लिइने छ । | | | |
| १४ | स्थानीय शासन प्रक्रियामा बालबालिकाहरूको अधिकार सम्बन्धी सवाललाई समावेशी सिद्धान्तको आधार राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ लाई आधारमानी कार्यान्वयनमा ल्याइने छ। | | भएको | |
| १५ | नगरका पर्यटकीय स्थलहरूको संवर्द्धन, संरक्षण र पहिचानका लागि तर्जुमा गरिएको नगर पर्यटन विकास योजनालाई सहकार्य र साझेदारीका आधारमा कार्यान्वयन गर्दै लैजान | | प्रयासभएको | |
| १६ | मौसमी रुपमा रहेका सडकलाई व्यबस्थित गर्ने । | | | |
| १७ | नगरपालीकाको. संगठन संरचना पुनरावलोकन गरी संस्थागत गर्दै लगिने छ । | | भएको | |
| १८ | कर्मचारीहरूको कार्य दक्षता बृद्धिका लागि तालिमको क्षमता अभिबृद्धिका लागि प्रशिक्षण र अध्ययन भ्रमणका कार्यक्रमहरू संचालन गरिने छन्। | | प्रयासभएको | |
| १९ | सार्वजनिक उत्तरदायित्व वहन गर्ने संयन्त्रहरू जस्तै सार्वजनिक सुनुवाइ सुझाव पेटिका नागरिक बडा-पत्र को व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ । | | भएको | नागरिक बडापत्र राख्नु पर्दछ। |
| २० | आन्तरिक आयबद्धिका संम्भावनाहरुको खोजि गरिने छ। | | भएको | |

**संस्थागत क्षमता लेखाजोखा**

| क्रम संख्या | विवरण | अवस्था | सुझाव |
|---|---|---|---|
| १ | मानव संसाधन | • संगठन संरचना परिवर्तन आवश्यक छ।<br>• कानुन तथा अनुगमन | .<br>• संगठन संरचना, दरबन्दी र कार्य विवरण पुनरावलेकन गर्ने |

| | | | |
|---|---|---|---|
| | | कार्यका लागि जनशक्तिको ब्यबस्थापनको अभाव छ ।<br>• पुराना कर्मचारीको बाहुल्यता छ । | ।<br>• समय कार्यदक्षता र उर्जाशीलताको आधारमा कार्यविभाजन गर्ने तर्फ जोड गर्ने |
| २ | आर्थिक श्रोत | • आन्तरिक आर्थिक श्रोत अपेक्षाकृत बृद्धिनभएको र त्यसबाट मात्रै प्रशासनिक खर्च गर्नु पर्ने कानुनी जटिलता ।<br>• अनुदान रकम पनि घट्दो क्रममा | • राजस्व सम्भावना तथा पहिचान गरी तदअनुसार थप आयश्रोत बृद्धि गर्न प्रयास गर्ने ।<br>• थप बाह्य श्रोतको लागि प्रयास गर्ने । |
| ३ | भौतिक | • जग्गा भवन तथा सवारी साधनको कमि | • भवनको पूर्ण सदुपयोग गर्ने ।<br>• बैकल्पीक जग्गाको खोजि गर्ने । |

आय तर्फ

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ४६,४३,०५,०००.०० | ४५,८०,३९,०५०.०० | ९८.६५ | ६२,६५,९५०.०० |
| १३३११ समानिकरण अनुदान | १२,५८,००,०००.०० | ११,६३,६५,०००.०० | ९२.५ | ९४,३५,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २८,४९,९५,०००.०० | २८,४८,९५,०००.०० | ९९.९६ | १,००,०००.०० |
| १३३१३ शसर्त अनुदान पुंजीगत | २,९३,१०,०००.०० | ३,७९,७५,०००.०० | १२९.५६ | (८६,६५,०००.००) |
| १३३१५ विषेश अनुदान पुंजीगत | १,८२,००,०००.०० | १,५८,३६,२००.०० | ८७.०१ | २३,६३,८००.०० |
| १३३१७ समपुरक अनुदान पुंजीगत | ६०,००,०००.०० | २९,६७,८५०.०० | ४९.४६ | ३०,३२,१५०.०० |

| | | | | |
|---|---|---|---|---|
| प्रदेश सरकार | १४,४३,८८,०००.०० | १३,९०,१४,४५६.०० | ९६.२८ | ५३,७३,५४४.०० |
| १३३११ समानिकरण अनुदान | १,२६,९३,०००.०० | १,२६,९३,०००.०० | १०० | ०.०० |
| १३३१२ शसर्त अनुदान चालु | ८,४१,३०,०००.०० | ८,१३,४८,०५५.०० | ९६.६९ | २७,८१,९४५.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ३,१०,००,०००.०० | ३,१०,००,०००.०० | १०० | ०.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ५५,८५,०००.०० | ४४,१९,६०८.०० | ७९.१३ | ११,६५,३९२.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,०९,८०,०००.०० | ९५,५३,७९३.०० | ८७.०१ | १४,२६,२०७.०० |
| राजस्व बाडफाड | १२,४९,६१,४२९.०० | ७,८०,०१,२८०.१५ | ६२.४२ | ४,६९,६०,१४८.८५ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १२,४०,१३,०००.०० | ७,८०,०१,२८०.१५ | ६२.९ | ४,६०,११,७१९.८५ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ९,४८,४२९.०० | ०.०० | ० | ९,४८,४२९.०० |
| अन्तरिक श्रोत | ८,५२,१४,३४६.८६ | ६,९५,६३,४५८.१९ | ८१.६३ | १,५६,५०,८८८.६७ |
| ११३१३ एकीकृत सम्पती कर | ३०,००,०००.०० | १५,८४,६९८.७० | ५२.८२ | १४,१५,३०१.३० |
| ११३१४ भुमिकर/मालपोत | १,००,०००.०० | १०,०५४.०० | १०.०५ | ८९,९४६.०० |
| ११३२१ वहाल कर | १,००,०००.०० | २,६९,०३७.०० | २६९.०४ | (१,६९,०३७.००) |
| ११३२२ वहाल विटौरी कर | १,५०,०००.०० | ८५,५५०.०० | ५७.०३ | ६४,४५०.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | २०,०००.०० | ९,०००.०० | ४५ | ११,०००.०० |
| ११४५२ पुर्वाधार | १०,०००.०० | ०.०० | ० | १०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| सेवाको उपयोगमा लाग्ने कर | | | | |
| ११४७९ अन्य मनोरञ्जन कर | १०,०००.०० | ०.०० | ० | १०,०००.०० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ८०,०००.०० | ०.०० | ० | ८०,०००.०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २,५०,०००.०० | २७,१४४.०० | १०.८६ | २,२२,८५६.०० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | ७०,००,०००.०० | ७,०४७.०० | ०.१ | ६९,९२,९५३.०० |
| १४१९१ पर्यटन शुल्क | १०,०००.०० | ०.०० | ० | १०,०००.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ४,२०,०००.०० | १,३०,३४३.०० | ३१.०३ | २,८९,६५७.०० |
| १४२२४ परीक्षा शुल्क | ४५,०००.०० | १५,०००.०० | ३३.३३ | ३०,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ८५,०००.०० | २,०७,२५७.०० | २४३.८३ | (१,२२,२५७.००) |
| १४२४२ नक्सापास दस्तुर | २८,८६,०००.०० | ०.०० | ० | २८,८६,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | २५,००,०००.०० | १७,१४,५७१.२६ | ६८.५८ | ७,८५,४२८.७४ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३,५०,०००.०० | ४,९३,८००.०० | १४१.०९ | (१,४३,८००.००) |
| १४२४९ अन्य दस्तुर | ३,५०,०००.०० | ४,५८,३८६.९५ | १३०.९७ | (१,०८,३८६.९५) |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५,०००.०० | ९,८२,४७१.८० | ३९२९.८९ | (९,५७,४७१.८०) |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | १,८०,०००.०० | ३०,१७०.०० | १६.७६ | १,४९,८३०.०० |

| | | | | |
|---|---|---|---|---|
| १४६११ व्यवसाय कर | ३,००,०००.०० | ४,७१,३५८.०० | १५७.१२ | (१,७१,३५८.००) |
| ३२१२२ बैंक मौज्दात | ६,७३,४३,३४६.८६ | ६,३०,६७,५६९.४८ | ९३.६५ | ४२,७५,७७७.३८ |
| जनसहभागिता | ७,१६,२००.०० | ७,१६,२००.०० | १०० | ०.०० |
| १३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान | ७,१६,२००.०० | ७,१६,२००.०० | १०० | ०.०० |
| जम्मा | ८१,९५,८४,९७५.८६ | ७४,५३,३४,४४४.३४ | ९०.९४ | ७,४२,५०,५३१.५२ |

व्यय तर्फ

| व्यय | | | | |
|---|---|---|---|---|
| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
| चालु | ४४,३६,१०,७७५.४८ | ३९,२२,७४,९८१.५६ | ८८.४३ | ५,१३,३५,७९३.९२ |
| २११११ पारिश्रमिक कर्मचारी | १६,८४,९१,०००.०० | १६,६५,२१,२५९.५६ | ९८.८३ | १९,६९,७४०.४४ |
| २१११२ पारिश्रमिक पदाधिकारी | १,३६,००,०००.०० | १,२७,१६,५५०.०० | ९३.५ | ८,८३,४५०.०० |
| २११२१ पोशाक | १३,७०,०००.०० | ४,१०,०००.०० | २९.९३ | ९,६०,०००.०० |
| २११३१ स्थानीय भत्ता | १,२६,०००.०० | ७०,२४५.०० | ५५.७५ | ५५,७५५.०० |
| २११३२ महंगी भत्ता | ३२,९६,०००.०० | ६,९०,९११.३० | २०.९६ | २६,०५,०८८.७० |
| २११३३ फिल्ड भत्ता | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | २४,०००.०० | २३,०००.०० | ९५.८३ | १,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २२,००,०००.०० | ०.०० | ० | २२,००,०००.०० |
| २११३९ अन्य भत्ता | २४,३०,०००.०० | १६,६१,५००.०० | ६८.३७ | ७,६८,५००.०० |
| २२१११ पानी तथा बिजुली | ५,६४,०००.०० | ५,३२,१९६.०० | ९४.३६ | ३१,८०४.०० |
| २२११२ संचार महसुल | २९,८४,०००.०० | १४,८१,६०८.०० | ४९.६५ | १५,०२,३९२.०० |
| २२२११ इन्धन (पदाधिकारी) | १०,००,०००.०० | १०,००,०००.०० | १०० | ०.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ३९,५४,०००.०० | ३५,७२,२४२.०० | ९०.३५ | ३,८१,७५८.०० |
